IMPERIAL Business College
IMPERIAL BUSINESS COLLEGE
Affiliated to Pokhara University
ADMISSION
NOW OPEN
BHCM
Bachelor of Healthcare Management
(Hospital Management)
BBA
Bachelor of Business Administration
01-4438293, 01-4419306
Hattisar, Kamaladi, Kathmandu

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
eprateekdaily.com

दुई मात्र सन्तान,
सुरक्षित भविष्यको
आधार ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७७ चैत ०७ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 March 20 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २०४

## पौने दुई वर्ष बित्दा पनि प्रयोगविहीन पानी प्रशोधन केन्द्र


वीरगंज-१ शान्तिनगरमा रहेको पानी प्रशोधन केन्द्र । तस्वीरः नितेश कर्ण

प्रस, वीरगंज, ६ चैत/

नेपाल सरकार, शहरी विकास मन्त्रालय, वीरगंज महानगरपालिका, नगर विकास कोष तथा एशियाली विकास बैंकको संयुक्त लगानीमा वीरगंज महानगर-१ शान्तिनगरमा निर्मित फोहर पानी प्रशोधन केन्द्र बनेको पौने दुई वर्ष पुग्न लाग्दा पनि सञ्चालनमा आउन सकेको छैन ।

मझौला शहर एकीकृत शहरी वातावरणीय सुधार आयोजना अन्तर्गत निर्मित पानी प्रशोधन केन्द्रको २०७६ भदौ १० गते तत्कालीन शहरी विकासमन्त्री मोहम्मद इश्तियाक राईले उद्घाटन गरेका थिए । सो आयोजना अन्तर्गत निर्मित पानी प्रशोधन केन्द्रबाट वीरगंजका सबै घरका शौचालयको फोहर पानीलाई प्रशोधन गरी श्रीसिया नदीमा बगाउने योजना हो । तर अहिले यो योजना पौने दुई वर्षदेखि थाती रहेको छ । वीरगंजमा यो योजना अन्तर्गत बनाइएका नालामा वीरगंजका घरधनीहरूले शौचालयको फोहर पानी नबगाउँदा पानी प्रशोधन केन्द्र प्रयोगविहीन भएको हो ।

प्रशोधन केन्द्र निर्माण हुनुअगावै वीरगंज महानगरपालिकाले यससम्बन्धी सूचना जारी गरेको थियो तर केन्द्र निर्माण भएपछि पनि घरधनीहरूले महानगरको सूचनालाई बेवास्ता गरेका छन् । अहिलेसम्म ५० घरपरिवारले मात्र शौचालयको पानी नालामा विर्सजन गर्दै आएका छन् । यो योजना अन्तर्गत वीरगंज महानगरका करीब चार हजार घरपरिवार जोडिनुपर्ने तर अहिलेसम्म ५० भन्दा बढी घर जोडिन सकेका छैनन् । वीरगंज महानगरले बारम्बार आग्रह गर्दा पनि घरधनीले शौचालयको फोहर पानी पाइपमार्फत नालामा नमिसाउने गरेको वीरगंज महानगरका सेनिटरी महाशाखा प्रमुख इन्जिनीयर राजीव सिंहले बताए ।

घरधनीहरूले अटेर गरेपछि महानगरपालिकाले अहिले ठेक्कामार्फत यो काम सम्पन्न गर्ने तयारी गरेको छ । घरधनीहरूले शौचालय भएको ठाउँबाट नालासम्म पाइप बिछ्याएर फोहर पानी विसर्जन गर्दा थप खर्च पर्ने भएकोले अटेर गर्दै आएका छन् ।

कतिपयको शौचालय घरको पछाडिपट्टि रहेको र लामो पाइप जडान गरी नालासम्म ल्याएर पानी विसर्जन गर्दा खर्च बढ्ने हुनाले यसतर्फ ध्यान नदिएका हुन् । खासगरी आदर्शनगर क्षेत्रमा यस प्रकारको समस्या रहेको छ । घरको पछाडि रहेको शौचालयबाट पाइप ल्याउँदा पुरानो संरचना भत्काउनुपर्ने झन्झटिलो कार्य भएकोले यसतर्फ ध्यान नदिएका हुन् । त्यसैले ठेक्कामार्फत काम सम्पन्न गर्ने तयारी महानगरको छ ।

पानी प्रशोधन केन्द्र सञ्चालनको लागि शौचालयबाट निस्किने पानी न्यूनतम १० लाख लिटर आवश्यक पर्छ । वीरगंज महानगरका चार हजार घरको शौचालयको पानी योजना अन्तर्गतको नालामा जोडिएमा २० लाख लिटर शौचालयको पानी प्रवाह हुने इन्जिनीयर सिंहले बताए । तर अहिलेसम्म शौचालयको पानी नालामा नजोडिएको कारण मूल ढलको फोहर पानीलाई नै दैनिक प्रशोधन गरेर श्रीसिया खोलामा बगाउँदै आएको उनले बताए । प्रशोधन केन्द्र जुन प्रयोजनको लागि निर्माण गरिएको हो, अहिले सोको उपयोग हुन सकेको छैन । पानी प्रशोधन केन्द्र एक करोड लिटर क्षमताको हो । दीर्घकालीन योजना अन्तर्गत प्रशोधन केन्द्र निर्माण भएपनि प्रारम्भिक अवस्थामा प्रभावहीन भएको छ ।

मझौला शहर एकीकृत शहरी वातावरणीय योजना र सघन शहरी विकास कार्यक्रम अन्तर्गत वीरगंजमा दुई चरणमा करीब साढे ५ अर्बको सडक र नाला निर्माण कार्य सम्पन्न भएको छ । पहिलो चरणको काम दुई वर्षअगावै सम्पन्न भइसकेको छ भने दोस्रो चरणको कामको समयावधि सकिएको र दुई/तीन प्रतिशत काम मात्रै बाँकी छ ।

### श्रीराम कोलोनी जग्गा ठगी प्रकरण
## जाटिया छुटे, चारजना लेखनदास पक्राउ

प्रस, वीरगंज, ६ चैत/

वीरगंज महानगर-२ छपकैयास्थित श्रीराम कोलोनी जग्गा ठगी प्रकरणमा प्रहरीले पक्राउ गरेको प्रेम जाटियालाई हाजिर जमानीमा छाडिएको छ ।


श्रीराम कोलोनी र इन्सेटमा प्रेम जाटिया । तस्वीरः फाइल

जिल्ला प्रहरी कार्यालय, पर्साले जाटियालाई बुधवार बेलुकी हाजिर जमानीमा छाडेको स्रोतले जनाएको छ । जग्गा ठगी प्रकरणमा पर्सा प्रहरीले जाटियालाई दुई साताअगाडि पक्राउ गरेको थियो । पक्राउ परेको तीन दिनपछि प्रहरीले सार्वजनिक गरेको जाटियालाई बुधवार नाटकीय तरीकाले हाजिर जमानीमा छाडेको हो ।

यसअघि, जाटिया पक्राउ परेको तेस्रो दिनमैं नाटकीय तरीकाबाट उच्च रक्तचाप र युरिक एसिडको उपचारको लागि नारायणी अस्पतालबाट रेफर भएर वयोधा अस्पतालमा एक साता बसेका थिए । प्रहरी उपरीक्षक बेलबहादुर पाण्डेले जाटियाले कानूनी दाउपेंच अवलम्बन गरी उपचारको नाममा अस्पताल भर्ना भएको भन्दै उनी अस्पतालबाट रेफर भएपछि मात्रै बयान लिने बताएका थिए । तर जाटिया चैत ४ गते वयोधा अस्पतालबाट साँझ रेफर भए र जिल्ला प्रहरी कार्यालयले सोही दिन निजलाई बयान नलिइ हाजिर जमानीमा छाडेको थियो ।

प्रउ पाण्डेले जाटियालाई हाजिर जमानीमा छाडेको पुष्टि गरे । उनले ठगी प्रकरणका अन्य अभियुक्तको खोजी भइरहेको र पक्राउ नपरेको कारण जाटियालाई हाजिर जमानीमा छाडिएको बताए ।

यसैबीच, प्रहरीले शुक्रवार भूमिसुधार तथा मालपोत कार्यालय पर्साका चारजना लेखनदासलाई नियन्त्रणमा लिएको छ । जग्गा ठगी प्रकरणमा ती लेखनदासहरूले २०६२ सालमा लेखत लेखेको कसूरमा उनीहरूलाई अनुसन्धानको लागि शुक्रवार बिहान मालपोत कार्यालय पर्साबाट नियन्त्रणमा लिएको हो ।

२०६० सालमा श्रीराम कोलोनीको जग्गा गोपाल अग्रवालले खरीद गरेका थिए । मालपोत तथा भूमिसुधार कार्यालयका कर्मचारीको मिलेमतोमा मोही गायब गरी पुनः सो जग्गा २०६२ सालमा प्रेम जाटियाले खरीद गरेका थिए । १७ वटा कित्तामा बिक्री भएको सो जग्गा १५ वर्षपछि मोही हक लाग्नेहरूले खोजीनीति गरेर पर्सा जिल्ला अदालतमा मुद्दा दायर गरेका थिए ।

मोहीले अदालतमा मुद्दा दायर गरेपछि श्रीराम कोलोनीको जग्गा खरीद गरी भवन निर्माण गरेका व्यक्तिहरूले जिल्ला प्रहरी कार्यालय, पर्सामा सङ्गठित ठगी मुद्दा दायर गरेका थिए ।

## जग्गा मुआवजा वितरण प्रक्रियामा पुनः विवाद

प्रस, वीरगंज, ६ चैत/

आइसिपी र ड्राइपोर्टबीच रहेको खल्वाटोला श्रीसिया गाउँको जग्गा मुआवजा वितरण प्रक्रिया पुनः रोकिएको छ ।


जिल्ला प्रशासन कार्यालय, पर्सामा छलफल हुँदै । तस्वीरः प्रतीक

सबै प्रक्रिया पूरा भई मुआवजा वितरण कार्य अन्तिम चरणमा रहेको अवस्थामा स्थानीय बासिन्दाहरूले चित्त नबुझेको भन्दै विवाद शुरू गरेका छन् । नेपाल सरकारको २०७३/९/२७ गतेको निर्णय अनुसार ६२ बिघा जमीन अधिग्रहण गरिएको हो । मुआवजा निर्धारण समितिको २०७६ मङ्सिर १७ गतेको निर्णय अनुसार मुआवजा वितरणको लागि १३ वटा बुँदासहित थप तीनवटा बुँदा गरी १६ वटा बुँदाको आधारमा मुआवजा वितरण गरिने सार्वजनिक सूचना प्रकाशित गरिएको थियो ।

सार्वजनिक सूचना गर्दा १६ बुँदामध्ये ३ वटा बुँदामा शर्त लागू नहुने मौखिक सहमति भएको थियो तर अहिले आएर शर्त अनुसार मुआवजा वितरण शुरू भएपछि स्थानीयहरू आक्रोशित भएका हुन् । पटक-पटक भएको छलफलमा १३ वटा बुँदामा मात्र सहमति भएको र ३ वटा बुँदामा मौखिक सहमति भएको स्थानीय शिवजी पटेलले जानकारी गराए ।

जिल्ला प्रशासन कार्यालयले मौखिक सहमति भएको बुँदाका आधारमा अहिले मुआवजा वितरण शुरू गर्दा स्थानीयहरूले पुनः जिल्ला प्रशासन कार्यालयमा पुगी आक्रोश व्यक्त गरेका हुन् । सो बेला जमीन नामसारी गर्दा कर नलिने सहमति भएको तर अहिले आएर कर लिने प्रक्रिया शुरू भएपछि आफूहरू थप मारमा परेको पटेलको भनाइ छ । बजार दरभन्दा एकदमै कम मूल्यमा आफूहरूले जग्गा नामसारी गर्न लागेकोमा थप कर लिन थालेपछि समस्या थपिएको उनले बताए ।

आज भएको छलफलमा प्रमुख जिल्ला अधिकारी आसमान तामाङले सूचना सार्वजनिक गर्दा सोही बेला नै स्थानीयले चित्त नबुझेको भन्दै उजूरी गरेको खण्डमा त्यसमा विचार हुन सक्थ्यो तर अहिले आएर सबै प्रक्रिया शुरू भएको बेला प्रक्रियागत नै मुआवजा वितरण गर्ने बताए । करको सवालमा माथिल्लो निकायसँग समन्वय गरी केही हदसम्म छुट गर्न सकिने उनको भनाइ थियो । स्थानीय बासिन्दाका अनुसार विवादित बुँदामध्ये ५ धुरसम्म मात्र जग्गा भई सो जग्गामा घर बनेको र निजको अन्यत्र कहींकतै जग्गा नभए १५ प्रतिशत मुआवजा थप गर्ने, मालपोत कार्यालयको प्रचलित नियम अनुसार सडकसँग जोडिएको जग्गाको ८० फिटसम्मको जग्गालाई मात्र घडेरी मानी त्यसभन्दा पछाडिको जग्गा सडकमा नजोडिएको मानी गणना गर्ने, पद्मरोडबाट गाउँ ब्लक जाने बाटोको अन्तिम दक्षिण

(बाँकी अन्तिम पातामा)

## २८ जना महिलासहित ४७ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ६ चैत/

हिमाल इन्स्टिच्युट अफ हेल्थ एन्ड टेक्निकल साइन्स प्रालि वीरगंजमा आयोजित रक्तदान कार्यक्रममा २८ जना महिलासहित ४७ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक धीरेन्द्र झाले बताए ।



रक्तदान कार्यक्रममा पम्मीकुमारी कुशवाहा, पूजा यादव, तरन्नुम खातुन, सङ्गीता थापा, लीला ठकुरी, अमिषा यादव, पूजाकुमारी साह, प्रीति यादव, आरती साह, दीपिका भण्डारी, अस्मिता बराल, सिजा श्रेष्ठ, अनामिका लामिछाने, मुकेश चौधरी, कृष्णा चौधरी, रोशन गुप्ता, अरुण गुप्ता, दीपिका अधिकारी, अर्चना दाहाल, रञ्जु कुमारी, कृतिका गिरी, अमृता यादवलगायतले रक्तदान गरेका थिए ।

## कृषि फार्ममा आगलागी, २० वटा गाईको मृत्यु

प्रस, सप्तरी, ६ चैत/

सप्तरी जिल्लाको अग्निसाइर कृष्णासवरण गाउँपालिका वडा नं ५ स्थित गाई फार्ममा शुक्रवार बिहान आगलागी हुँदा जलेर २० वटा गाईको मृत्यु भएको छ । कृष्णाराम बहुउद्देश्यीय कृषि फार्ममा विद्युत् सर्ट भएर आगलागी भएको प्रहरीले जनाएको छ ।

फार्ममा रहेका ६० वटा गाईमध्ये २० वटा गाई जलेर मृत्यु भएको इलाका प्रहरी कार्यालय कञ्चनपुरले जनाएको

(बाँकी अन्तिम पातामा)

**मेहनतसँग माया गर, किनकि यो तिम्रो सफलताको कारण बन्नेछ ।**

**-विचारसार र सूक्तिहरू**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com

## पालिकामा राजा

**ऐन कानूनभन्दा माथि र धार्मिक आस्थाको प्रतीक मानिने हुँदा राजालाई सबैभन्दा ठूलो मानिएको हो । ऐन कानूनमा राजाको काम, कर्तव्य र अधिकारबारे उल्लेख गरिए पनि सक्रिय राजशाही व्यवस्थामा राज्यका अन्य व्यक्ति, पद तथा निकायहरू राजसंस्थाप्रति कृतघ्न, अनुग्रही हुने भएकाले राजाविरुद्ध कानूनी बाटो निस्प्रभावी बनेका हुन्छन् । राज्यको साधन, शक्ति र स्रोतबाट सम्पन्न राजाले आफ्ना आलोचक तथा विरोधीहरूलाई उल्टै राजदण्डको भागीदार बनाउन सक्ने भएकाले राजाको कामको अनुगमन, आलोचना तथा विरोध गर्ने दुश्साहस हतपत कसैले गर्दैनन् । जहाँ अनुगमन र कारबाई हुँदैन, त्यहाँ भ्रष्टाचार मौलाउँछ । परालको आगोझैं भित्रभित्रै सल्किएको भ्रष्टाचारले एक दिनमैं खरानी बनाइदिन्छ । विश्वका ठूलठूला नाम चलेका सक्रिय राजशाही व्यवस्थाहरू धराशही हुनुको मुख्य कारण यही हो ।**

**हाम्रो मुलुकमा राजतन्त्रको अवसान भइसकेको छ । अब त सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा घर–घरमा सिंहदरबार भनियो । शक्ति पृथकीकरणको सिद्धान्त अनुसार तीन तहको सरकार बनेको छ । संविधानले दिएको तीन तहका सरकारको काम, कर्तव्य र अधिकार हेर्दा साँच्चि नै गाउँटोलसम्म सिंहदरबार दिएको देखिन्छ । अधिकार पाएन भनेर अलाप गर्नु ‘नाच्न नजान्नेले आँगन टेढो’ भने जस्तो मात्रै हो । पाएको अधिकार र अवसरलाई पहिले कार्यान्वयन गरेर नागरिकलाई सेवा/सुविधाको दिन सक्नुपर्छ, तब मात्रै थप अधिकारको कुरा सुहाउँछ । भएकै अधिकर दुरुपयोग गरिरहेको अवस्थामा थप अधिकारको कुरा लाज पचाउने बहाना मात्रै हो । आज धेरै विकृति स्थानीय तहमा देखिन थालेको छ । पार्टीकरण, अपारदर्शिता, भ्रष्टाचार एवं कमिशनको भरमा मात्रै काम हुने गरेको अधिकांश पालिकाका बासिन्दाको गुनासो छ । तर त्यो गुनासो पोख्ने कहाँ ? पालिकाका पदाधिकारीहरू सर्वसाधारण नागरिकका लागि छोटे राजाको रूपमा विकसित भइरहेका छन् । राजाहरू अनिनिश्चितकालका लागि हुन्थे, पालिकामा पाँच वर्षमा चुनाव हुन्छ, फरक यति हो ।**

**विगतमा स्थानीय निकायको काम, कर्तव्य र अधिकार सम्पादनको अनुगमन, निरीक्षण तथा कारबाईसमेत गर्ने निकाय जिल्लामा थियो । जिविस, जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयलगायतका निकायले विकासप्रति निगरानी राख्ने गर्थे । अब त्यो अवस्था रहेन । जिल्ला समन्वय समितिलाई अधिकारविहीन बनाइएको छ । मर्यादाक्रमले जिल्ला प्रहरी प्रमुख र प्रमुख जिल्ला अधिकारीभन्दा उपल्लो दर्जामा पालिकाका पदाधिकारीलाई राखिएको छ । फेरि पनि प्रहरी प्रशासनले कारबाई गर्न सक्ने आफ्नो अधिकार क्षेत्र छ तर पालिकालाई यति न साधनस्रोत सम्पन्न बनाइएको छ कि जोकोहीलाई पनि प्रभावित पार्न सक्ने क्षमता राख्दछ । अख्तियार त आक्कलझुक्कल आउने हो, त्यो पनि पोख्त प्रमाण जुटेको अवस्थामा । पोख्त प्रमाण जुटाएर जाहेर गर्न सक्ने अवस्था सर्वसाधारणसँग हुँदैन । पालिकाको विरोध गर्नेहरूलाई एउटा योजना दिएर वा सान्है स्वाभिमानी बन्नेलाई चिन्डेमुन्द्रे लगाउने र कानूनी अडचनमा फसाएर पनि तह लगाइएका समाचारहरू सार्वजनिक भइरहेका छन् । घर–घरमा सिंहदरबार भनिएकोमा घर–घरमा नारायणहिटी चाहिं आएको हो कि भन्ने भान निमुखाहरूलाई परेको छ । विकृति बढ्दै गए एक दिन व्यवस्थामाथि नै आँच आउन सक्छ ।**

# नेपालमा अब वाम आन्दोलन सकिएकै हो त ?

स्वतन्त्र विचार



वैधनाथ ठाकुर
baidhnath2071@gmail.com

**संसदीय राजनीतिभन्दा बाहिर रहेका वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, नेकपा वैद्य तथा नेकपा ऋषि कट्टेल समूहप्रति जनताले अब फेरि कम्युनिस्टको नाममा विश्वास किन गर्ने ? भोलि सत्तामा गएपछि यिनीहरू बिग्रँदैनन् भन्ने के ग्यारेन्टी जस्ता प्रश्न यतिबेला युवा जमातले उठाइरहेका छन् ।**

भारतीय महानगर कोलकाताको श्यामबजारको एउटा चियापसलमा खोलिएको २००६ सालको पहिलो नेपाल कम्युनिस्ट पार्टी आजको मितिसम्म आइपुग्दा एकहत्तर हिउँद पार गरेको छ । यसबीच हजारौं जनता मुक्तिको नाममा शहीद भएका छन् । हजारौं आमाको काख रित्तिएको छ । हजारौं चेलीको सिन्दूर पुछिएको छ । तर आज यी सबै शहादतको प्रतिफल जनताले के पायो भनेर सिंहावलोकन गर्दा उही हात लाग्यो शून्यको अवस्थाभन्दा केही फरक छैन ।

नेपाल कम्युनिस्ट पार्टी गठन हुनुभन्दा दुई वर्ष पहिला अर्थात् २००४ सालमा नेपाली काङ्ग्रेस पार्टी खोलिएको थियो । नेपालमा प्रजातन्त्र स्थापना गर्न काङ्ग्रेसले पनि हतियार नउठाएको होइन । राजा महेन्द्रमाथि बम हान्ने होस् अथवा शान्ति सेना बनाएर राणाशासनविरुद्ध सशस्त्र विद्रोहको बिगुल फुक्ने होस् सदैव नेपाली काङ्ग्रेस अग्रपङ्क्तिमा उभिएर लडेकै हो । सयौं काङ्ग्रेस कार्यकर्ता त्यस आन्दोलनमा पनि मारिएकै हुन् । काङ्ग्रेसका नेताहरूले पनि जेलनेल भोगेकै हुन् । तर यतिबेलासम्म प्राय: सत्तामा रहँदै आएको नेपाली काङ्ग्रेसले आम जनसमुदायको जनजीविकाको लागि के गऱ्यो त भनी प्रश्नको उत्तर खोज्दा उही हात लाग्यो शून्यको अवस्था नै छ ।

नेपाली काङ्ग्रेसले मुलुक बर्बाद पाऱ्यो भनेर राजा महेन्द्रले २०१७ सालमा सत्ता आफ्नो हातमा लिएर चलाएको निर्दलीय निरङ्कुश पञ्चायती व्यवस्था पनि बत्तीस वर्ष चल्दा आखिर जनताले के पायो भनी खोज्दा उही हात लाग्यो शून्य नै हो ।

राणाशासनको १०४ वर्षलाई कालरात्रि भनेर भनिए तापनि राजाको शासनलाई पनि सुनौलो दिन भन्न सकिने ठाउँ कतै देखिंदैन । भन्नलाई राणाकालमा सतीप्रथा, दासप्रथा जस्ता सामाजिक कुरीतिको उन्मूलनको घोषणा गरियो । त्यति बेलामैं केही कलकारखाना र विद्यालयसमेत देशमा पहिलोचोटि खुले तर यी कुराले राणाहरूलाई विकासप्रेमी तथा जनमैत्री शासक भन्न सकिन्न ।

गोरखाका राजा पृथ्वीनारायण शाहले आफ्नो सानो राज्य विस्तार गर्ने क्रममा नेपालको एकीकरण हुन पुगे पनि वास्तवमा पृथ्वीनारायण शाह नेपालमा बसोबास गरिरहेका मधेस, पहाड, हिमालका एक सयभन्दा बढी जातजाति तथा भाषाभाषीहरूको भावनात्मक एकता वा एकीकरण गर्नुको साटो गोरखाका सबै कुरा बल प्रयोग गरी लाद्ने प्रयास गरे । जसले गर्दा लामो समयसम्म नेपाल एउटा देश भएपनि राष्ट्र हुन सकेन । राजाहरूकै पहिलो कालखण्डमा पूर्व–पश्चिम राजमार्ग तथा विभिन्न प्रकारका आधुनिक कारखानाहरूसमेत खुले । यति हुँदाहुँदै पनि राजाहरू विकासप्रेमी र प्रजातान्त्रिक, उदारवादी थिए भनेर भन्न सकिने ठाउँ कतै पनि देखिंदैन ।

जनताको नाममा २००७ सालपछाडि आजसम्म सबैभन्दा बढी पञ्चपछि कोही शासन सत्तामा पुग्यो भने त्यो हो नेपाली काङ्ग्रेस । प्रजातन्त्र तथा समाजवादको नारालाई सबैभन्दा बढी भजाएर खाने, जनतालाई लुट्ने, देश बर्बाद गर्ने पार्टी कुन हो भन्दा नेपाली काङ्ग्रेस यदि भनिन्छ भने त्यो धेरै हदसम्म सत्य नै होला । पञ्चहरूको नातावाद, कृपावाद र फरियावादको राजनीतिबाट नेपाली काङ्ग्रेस पनि मुक्त भएको पाइएन । लामो शासनकालमा काण्डैकाण्ड मचाएर राष्ट्रको ढुकुटी लुटेर तथा राज्यद्वारा संस्थागतरूपमा भ्रष्टाचार र कमिशनतन्त्रलाई स्थापित गरेर देशलाई बर्बाद पार्ने पार्टी नै नेपाली काङ्ग्रेस हो ।

लामो समयदेखि रूसी समाजवाद र पश्चिमा बुर्जुवा प्रजातन्त्रको अन्तरविरोधले संसारको राजनीतिलाई प्रभावित पार्दै आयो । चिनियाँ क्रान्तिपश्चात् चीनले गरेको अत्यधिक प्रगतिले संसारको टाउको दुखाइ नै रह्यो । पश्चिमा राष्ट्रहरूको नाइके अमेरिकालाई नेपालबाट चीन नियाल्न बढी सजिलो हुने तथा भारतजस्तो विशाल देश जो सधैंभरि रूसी राजनीतिको प्रभावमा रह्यो, यसले गर्दा पनि अन्तर्राष्ट्रिय राजनीतिमा नेपाल निकै सामरिक महत्त्वको रूपमा रहन गयो र अझै छ पनि । यस पृष्ठभूमिमा नेपालमा समाजवादी आन्दोलन राम्रै चल्ने पूर्वाधार तयार भयो । निरन्तरको बढ्दो गरीबी, अकासिंदो महँगी तथा संस्थागत भ्रष्टाचार, कमिशनखोरी र बेरोजगारीले आममानिसमा समाजवादप्रति आकर्षण हुनु स्वाभाविक थियो । यही अवस्थाको फाइदा उठाएर २०२८ सालमा झापामा भारतीय नक्सलवादी सशस्त्र आन्दोलनको प्रभावले हतियार उठेको थियो । जसलाई निर्ममतापूर्वक दमन गरियो ।

समाजभित्र रहेका सामाजिक, आर्थिक, सांस्कृतिक विभेदले भित्रभित्रै भुसको आगोजस्तै सल्किंदै थियो । यस्तोमा माओवादी विद्रोह दश वर्षसम्म चल्यो, जसले देशलाई आर्थिकरूपमा निकै पछाडि धकेल्ने काम गऱ्यो । माओवादीहरूले सत्ता कब्जा गरेर समाजवाद सबै क्षेत्रमा लागू गर्ने र समानता कायम गरेर समृद्ध नेपाल निर्माण गर्ने सपना देखाएकाले जनताको समर्थनमा एक हदसम्म सफलता पनि पाएका थिए । सयकडौं घाइते, अपाङ्ग तथा शरीरभित्र गोली बोकेका योद्धाहरूको भावनालाई कुठाराघात गर्दै माओवादी शान्ति प्रक्रियाको नाममा संसदीय गोलचक्करमा फस्नको लागि राज्यसँग आत्मसमर्पण गऱ्यो, अनेकौं शब्दको जाल बुनेर । बिस्तारै माओवादी पार्टी क्षतविक्षत भयो । पार्टीका नेतृत्व एक/एक गरी पार्टी परित्याग गरे । पार्टी नातावाद र अराजकताको भुमरीमा यसरी फस्यो कि नेकपा एमालेजस्ता बुर्जुवा कम्युनिस्टसँग एकीकृत हुन पुग्यो । यी सबै काम कुराको विरोध गर्ने एकीकृत जनक्रान्तिको नीति लिएको नेकपा क्रान्तिकारी विप्लवसमेत संसदीय राजनीतिमा आइसकेका छन् । भोलिका दिनमा नेकपा माओवादी केन्द्र तथा समाजवादी पार्टीका उपेन्द्र यादव, बाबूराम समूह एउटै पार्टी बन्ने वा संयुक्त कार्यनीति बनाएर सरकार बनाउने भएपनि यसले जनतामा गुमेको कम्युनिस्ट आकर्षण फिर्ता नहुने पक्का छ । नेकपा एमाले, विप्लव तथा जसपाका महन्थ ठाकुर समूह मिलेर सरकार बनाउन तत्पर भएमा कुनै आश्चर्य मान्नुपर्दैन ।

जेहोस्, नेपाली राजनीतिमा पहिलोचोटि झन्डै दुई तिहाइ बहुमत दिएर जनताले पठाएको कम्युनिस्टहरूको चालामालाले आम नागरिक क्षुब्ध छन् । संसदीय राजनीतिभन्दा बाहिर रहेका वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, नेकपा वैद्य तथा नेकपा ऋषि कट्टेल समूहप्रति जनताले अब फेरि कम्युनिस्टको नाममा विश्वास किन गर्ने ? भोलि सत्तामा गएपछि यिनीहरू बिग्रँदैनन् भन्ने के ग्यारेन्टी जस्ता प्रश्न यतिबेला युवा जमातले उठाइरहेका छन् । यस्तो फेरि पनि निधार खुम्च्याएर एकचोटि सोच्नैपर्छ– के नेपालमा अब वाम आन्दोलन सकिएकै हो त ?

# ‘समृद्धिका लागि वन’ परियोजनाका लागि दुई अर्ब असी करोड सहयोग

काठमाडौं, ६ चैत/रासस

विश्व बैंकले ‘समृद्धिका लागि वन’ परियोजना कार्यान्वयन गर्न रु ७१ करोड अनुदान र रु दुई अर्ब १० करोड सहुलियतपूर्ण ऋण उपलब्ध गराउने भएको छ । दिगो वन संरक्षण र हरित पुनर्लाभलाई बढावा दिन नेपाल सरकार र विश्व बैंकबीच शुक्रवार अर्थ मन्त्रालयमा आयोजित एक कार्यक्रममा उक्त रकम बराबरको वित्तीय सम्झौतापत्रमा अर्थसचिव शिशिरकुमार ढुङ्गाना तथा माल्दिभ्स, नेपाल र श्रीलङ्काका लागि विश्व बैंकका राष्ट्रिय निर्देशक फारिस हदाद–जर्भोसले हस्ताक्षर गरे ।

नेपालको दिगो वन व्यवस्थापनलाई सुधार, वनमा आधारित निजी क्षेत्रको सुदृढ विकास गर्दै वनक्षेत्रको रूपान्तरणमा योगदान पुऱ्याउनका साथै समावेशी आर्थिक लाभ, पारिस्थितिक प्रणाली र अधिक जलवायु उत्थानशीलतासहित प्रदेश २ र लुम्बिनी प्रदेशका लक्षित पालिकाहरूका वन–आश्रित व्यक्ति तथा समुदायहरूका लागि विविध लाभहरूमा परिणत हुनेछन् । साथै यसले वनको समावेशी तथा दिगो प्रयोगलाई बढावा दिनेछ ।

“सङ्कटको समयमा वनजङ्गल भनेका स्थानीय समूहहरूका लागि परम्परागत सुरक्षाका जाल हुन् । कोभिड–१९ को कठिन घडीमा स्थानीय समुदायहरूलाई बलियो बनाउनु निकै महत्त्वपूर्ण छ । सोही भावनाअनुरूप यस आयोजनाले नेपालको वनमा आधारित निजी क्षेत्रलाई रोजगारमा लगानी गर्न र काठको आयातमा निर्भरता कम गर्न सहयोग पुऱ्याउनेछ,” सम्झौतापत्रमा हस्ताक्षरपछि संक्षिप्त मन्तव्य व्यक्त गर्दै सचिव ढुङ्गानाले भने ।

राष्ट्रिय निर्देशक हदाद–जर्भोसले आयोजनाबाट ५० गाउँपालिका र नगरपालिकालाई सहयोग पुग्ने र समावेशी जलवायु कार्य तथा नेपालको तुलनात्मक लाभमा आधारित हरित आर्थिक वृद्धिका लागि सुरुआतको बिन्दु हुने बताए ।

## हाम्रा संस्कृति लोप हुने कारणहरू

पाठक प्रतिक्रिया

५ गते प्रतीकको प्रस्तुति ‘होलीमा गाइने गीत जोगिरा सरर’ले मेरो सम्पूर्ण जीवन सम्झाइदियो । बाल्यकालमा काकाको घरमा ढोलक, हारमोनियम सबै हुन्थे । होली गीत पहिले ब्रह्मस्थानमा गाएपछि सबै दुआर घुमेर होली गीत गाउने प्रचलन थियो । काका सङ्गीतका उस्ताद थिए । त्यहाँ ग्वालियरका गवैयाहरू पनि आउँथे । भन्नुपर्दैन कि होली गीत श्रीपञ्चमीदेखि फागु पूर्णिमासम्म गाइन्थ्यो । बाल्यकालमा हामी घरमा खाना खान र सुत्न मात्र आउँथ्यौं । सम्पूर्ण समय टोलका केटाकेटीसँग खेलेर बिताउँथ्यौं । अहिले त्यसको कल्पना पनि गर्न सकिंदैन । किशोरवयसम्म पूजवल जस्तो बराबरको होलिका दहन हुन्थ्यो । त्यही जोगिरा सरर गीत गाउँथ्यौं र भोलिपल्ट त्यही खरानी उडाएर ‘जिए से होरी खेले मरे से लेखा लेवे’ भन्दै तलाउमा गएर स्नान गरेर आउँथ्यौं, जसरी घरमा मृतकको दाहसंस्कार गरेपछि गरिन्छ । होलीमा पनि त होलिकाको मृत्यु भएको थियो । त्यसपछि चैती गाउँदै घर फर्किन्थ्यौं र यसरी होलीको विसर्जन गरिन्थ्यो । त्यसपछि होली गीत बन्द र चैती शुरू हुन्थ्यो । तिनै काकाको छोरा मन्त्री भए । उनको भनाइ थियो कि काकाले सङ्गीतमा रमाएर सबै धनको नाश गरिदिए । आफू इमानदार नेतामा दरिए तर एकमुस्ट ५० बिघा खेत किने । मान्छेहरूले सोध्न थाले कि त्यत्रो पैसा कुन इमानदारिताको थियो ? ढोलक, हारमोनियम उनको घरबाट निर्वासित भए । यही कहानी सङ्गीतका उस्ताद मेरा भिनाजुको घरमा पनि घट्यो । उनको छोरा पनि राक्षस भएर घरबाट ढोलक, हारमोनियमलाई निर्वासित गरिदिए । यसरी हाम्रो समाजका अगुवा नै हाम्रो संस्कृति लोप हुने एउटा कारण हो । केवल युवा विदेशिने मात्र कारण होइन । आधुनिक शिक्षाले अङ्ग्रेजियत सिकायो । पढेलेखेका युवायुवतीले आफ्नो संस्कृतिप्रति चासो राखेनन् किनभने यो पछौटेपन हो भने सिकाइयो । पढेलेखेका युवाले पनि कहीं होली गाउने हो ? त्यो त असभ्य गँवारको काम हो । पढेलेखेकी युवतीले पनि कहीं समाचकेवा र जटजटिन खेल खेल्ने हो ? त्यो त अनपढ र गँवार गाउँले युवतीको काम हो भनियो । एकपटक म मारिसस पुगेको थिएँ । त्यहाँका प्रधानमन्त्रीका सहयोगी एवं सल्लाहकारले खाना खान आफ्नो घरमा निम्तो दिए । जाँदा त उनी हरिकीर्तनमा पलेटी कसेका थिए । त्यहाँ सबैका घरअगाडि तुलसीको बोट, हनुमानको मन्दिर र एउटा आँपको रूख अवश्य भएको देखें । कीर्तन समाप्त हुन लागेको थियो । हामीले खाना खायौं र भलाकुसारी गऱ्यौं । परदेशमा पनि यसरी आफ्नो संस्कृति बचाइराखेकोमा खुशी हुने र आफूकहाँ सोको उल्टो देखेर बेखुशी नहुने कुरै आउँदैन । स्थिति यो छ कि जङ्गल सानो निकुञ्जमा बदलिए जस्तो सम्पूर्ण समाजमा विस्तारित जोगिरालाई एउटा नाट्यकलाले जोगाइराख्ने नौबत आएको छ । वैमनस्य, ईर्ष्या र द्वेषले दलान संस्कृति पनि लोप हुँदैछ । मनोरञ्जनका नयाँ–नयाँ साधनले पनि यसमा काम गरेको छ । एकपटक म टिभी हेर्दै थिएँ । छोरा आएर करायो, हरदम टिभी । घरपरिवारबारे छलफल गर्नु छैन ? म झसङ्ग भएँ । कुरा त ठीकै हो । तर अब मेरा नातिनातिनी पनि म जस्तै बाहिर खेल्न कहाँ पाउँछन् ? विद्यालय लिएर गयो, लिएर आयो, होमवर्क गऱ्यो, सुत्यो बस । मेशिन बनियो, बनाइयो । संस्कृति लोप हुने कारण त यो पनि हो । यो अत्यन्त दुःखद हो । शायद आउने पीढीले मारिससको अधिकारी जस्तो सोच्लान् कि ? आशा किन मार्ने ?

**डा शिवशङ्कर यादव**, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अप्लाइड हिस्ट्री र आफ्नै अप्लाइड हिस्ट्री

स्वान्तः सुखाय



सञ्जय मित्र
mitrasanjay41@gmail.com

**हाम्रो आफ्नो परिवारमा रहेका महिलाहरूको यसरी पितातर्फका र मातातर्फका गरी दुवैतर्फका जतिसम्म सकिन्छ, त्यतिसम्मका मात्र पुस्ताको नाम खोज्ने प्रयास गरौं त। कति राम्रो इतिहास बन्दछ। यो जीवन्त इतिहास चाहिं अप्लाइड हिस्ट्री हुन सक्ला कि ?**

एक मित्र भन्दै थिए– सबैभन्दा बढी अप्लाइड सब्जेक्ट म्याथ हो र सबैभन्दा कम अप्लाइड हिस्ट्री। आजभोलि यस किसिमको भाषा शिक्षित समुदायमा सुपाच्य भइसकेको छ र जो नेपाली वा मातृभाषामा यस प्रकार इङ्ग्लिश शब्दको प्रयोग गर्दैनन्, उनीहरूलाई अरूहरूले कमजोर ठानेको पाइन्छ वा मौका पर्दा जिस्क्याउने पात्रको रूपमा प्रयोग गर्दछन्।

मैले प्रश्न गरें– आफनो तीन पुस्ताका नाम भन्नुहोस्। उनले सजिलै बताइदिए। मैले धन्यवाद दिएँ।

किन सोध्नुभयो ? मैले धन्यवाद दिइसकेपछि उनले प्रश्न गरे।

अप्लाइड हिस्ट्रीको महत्त्व बुझ्न।

यसमा अप्लाइड हिस्ट्री कहाँबाट आयो ?

प्रत्युत्तरमा मैले एउटा प्रश्न गरें– तपाईंको तीन पुस्ता भन्नुहोस्।

उनी अकमकिए र अकमकिंदै फेरि पहिलेकै जवाफ दोहोऱ्याए।

मैले बताएँ– "तपाईंले आफ्नो बारेमा बिल्कुलै हाफ जानकारी राखेर दुई हाफ जोड्दा म्याथमा फुल हुन्छ भनेर बुझेको मान्छे हिस्ट्री र कल्चरमा जहिले पनि एक हाफ मात्र जोडेर फुल हुन्छ भन्ने हो ?"

यसपटक उनले केही पनि बुझेनन्। ट्वाँ परेर हेरेको हेऱ्यै भएपछि मैले अलिक स्पष्ट पार्दै भनें– "म्याथमा जहिले पनि एक हाफ र अर्को एक हाफ गर्ने हो भने एक हुन्छ। कसैले आफ्ना दुई हाफ सर्ट वा दुई हाफ पाइन्ट लगाएर बजारमा हिंड्यो भने उसलाई कसैले फुल सर्ट वा फुल पाइन्ट लगाएर हिंडेको मान्दैन। यस्तै दश वर्षको बालकको एक हाफ र दुई वर्षको बालकको एक हाफ सर्टलाई जोडेर एक फुल सर्ट हुन सक्दैन। एकै व्यक्तिको दुईवटा सर्ट वा पाइन्टको दाहिने हाफलाई जोड्न सकिंदैन वा जोडेर एक फुल बनाउन सकिंदैन। तपाईंको अप्लाइड म्याथले यसको उत्तर दिंदैन तर साहित्यले सजिलै दुई हाफ भनिदिन्छ।"

अनि अप्लाइड हिस्ट्री र कल्चरको कुरा कहाँ यसमा मेल खायो त ?

दुई हाफ जोडेर एक हुन्छ भन्ने फर्मुला तपाईंलाई थाहा छ। तर यसलाई अप्लाई गर्न आएन। यसैले हिस्ट्री र कल्चरको कुरा नबुझेको हो।

कसरी ?

तपाईं फुल हो कि हाफ ?

म फुल छु, हाफ कसरी हुन सक्छु ?

हैन, मैले पनि हाफ भनेको होइन। तपाईं फुल नै हुनुहुन्छ। म्याथ र हिस्ट्री दुवै किसिमले। तर तपाईं म्याथको फर्मुलामा कसरी हाफ नभएर फुल हुनुहुन्छ भनेर प्रमाणित गर्न सक्नुहोला ?

उनी असहज बने।

अब झोंक्काझोंक्की होला कि जस्तो हुन गयो। जहिले पनि म्याथ पढ्नेहरू हिस्ट्रीलाई हेप्दा रहेछन् तर आज हिस्ट्रीले नै रुवाएको देखेर अलिक सहज हुन भनें र फेरि त्यसै पारामा बुझाउने प्रयत्न गरें– "वर्तमानलाई कतिपयले इतिहास र भविष्यको फ्युजन भन्दछन्। यसमा विश्वास नगर्नुस् तर तपाईं त बुबा र आमा दुवैको फ्युजन हो नि ? तपाईंको बुबाको गाउँ र आमाको गाउँको फ्युजन तपाईंको ठाउँ हो किनभने एकै व्यक्ति बुबा र आमा हुन सक्दैनन्।"

अनि कहाँबाट कसरी आयो यसमा हिस्ट्री र कल्चरको फ्युजन ? अलिक बम्केरै तर कन्ट्रोल गरेर उनले बोले। अझै पराजयको मनोवैज्ञानिक भाव छैन। अहमताको प्रदर्शन अझै पनि रहेको छ।

"अघि दुईचोटि तीन पुस्ता भनेर सोध्दा जहिले पनि आफू, बुबा र बाजेको नाम किन आयो ? म्याथलाई पनि साइन्स नै मानिन्छ र अझ म्याथ पढ्नेहरूले म्याथलाई प्योर साइन्स मान्छन् भने तीन पुस्ते सोध्दा जहिले पनि बुबातिरका मात्र किन ? किन आमातिरका नामहरू आउँदैनन् ? कसैको जन्ममा आमाको भूमिकालाई नजरअन्दाज गर्न सकिन्छ त ? आमा र बुबाको भूमिकाको तुलना गर्नुहुन्न भन्ने कुरा पनि मान्ने, जन्मको दृष्टिकोणले आमा र बुबा दुवैको भूमिका हुने हुन्छ भन्ने कुरा विज्ञानको दृष्टिकोणले पनि मान्ने तर पैतृक कुरा मात्र गर्ने हो भने हाफ सोचाइ मात्र भएन र ? आमा र बुबा दुवैको तीन पुस्ते जान्ने कतिका मानिस छन् ?"

अलिक सहज भएजस्तो लागेको थियो। मेरो प्रहार अलिक ठीक ठाउँमा परेको पनि लागेको थियो। उनको अनुहार हेर्दा मेरो मन्तव्य प्रभावकारी भएको झलक दिन्थ्यो। यसले मेरो तर्कलाई अलिक ऊर्जा मिल्यो र मैले व्याख्यानलाई जारी राखें– "हरेक मानिस आमा र बुबाका फ्युजन हुन्। अझ साइन्स पढ्नेले यो कुरा बुझ्न कम्फर्टेबल मान्नुपर्ने हो किनभने छोरा र छोरी किन गर्भमैं निर्धारण हुन्छन् भन्ने कुरा साइन्सले बढी बुझेको छ। अनि जसरी हामी बुबातिरका वंशज हौं, उसैगरी आमातिरका पनि वंशज नै हौं। हो, सम्पत्तिको हक लाग्ने अवधारणाले एकलकाँटे बनाएको हुनुपर्छ तर साइन्सले त बिर्सिनुभएन नि ?"

यस्तो कुरो पहिले नै भनिदिनुपर्थ्यो। वास्तवमा हामीले बुबातिर मात्र वंशज खोज्दछौं। वंशावलीहरू जुन विगतमा निर्माण गरिए, त्यसै आधारमा पिताका पुत्र, पुत्रका पुत्र अनि उनका पुत्रतिर मात्र ध्यान जाने इतिहास बन्यो। त्यही इतिहासलाई बोकेर साइन्सले पनि हिंडिरहेको छ।

उनको कुरामा चित्त दुखाउने ठाउँ छैन। अब अप्लाइड हिस्ट्रीको कुरा पनि सार्थक हो र अप्लाइड हिस्ट्री पनि नवीन साइन्स हुन सक्छ भन्ने कुरो बुझ्यो। आमाहरूको इतिहास पनि हुन्छ र आमाहरूको इतिहासको प्रोफाइल पनि बन्नुपर्दछ।

एउटा तर्क यस्तो पनि राखें– आमातिरको पुस्ता खोज्दा पनि गम्भीर भएर ध्यान दिनुपर्ने हुन्छ कि आमाको इतिहास खोज्दा फेरि पुरुषवादी हाफ नहोओस् ?

कसरी ?

कुरो सहज छ नि।

सहज भएपनि हिस्ट्रीको कुरो म त्यत्ति बुझ्दिनँ, अलिक प्रस्ट पार्नुहोस्।

हिस्ट्रीमा बुझ्नुपर्ने केही हुँदैन भन्नेले हिस्ट्रीको कुरो म त्यत्ति बुझ्दिनँ भनेपछि मनमा अलिक हाँसो उठ्यो। यो वास्तवमा उनीप्रतिको व्यङ्ग्य थियो। मैले दबाएँ र स्पष्ट शब्दमा केही कुरा यसरी राखें– "आमाको इतिहास खोज्दा आमाको बुबा को ? उनका बुबा को ? तिनका बुबा को अनि तिनका बुबाको ? भनेर मात्र खोज्नुहुन्न। अहिले सबैतिर यही खोज्ने चलन भएकोले इतिहास कसैको हुन नसकेको हो वा इतिहासको कोही आफन्त हुन नसकेको हो। यसरी पनि खोज्ने हो र अर्को तरीकाले पनि खोज्ने हो।"

त्यो अर्को तरीका के हो त ? सोझो कुरा बताउनुहोस् न। उनी फेरि हल्का झोक्किएर झर्के।

मैले संक्षेपमा बताउन थालें– "जसरी आमाको बुबाको नाम के हो ? र तिनका बुबाको नाम पनि के हो भनी खोज्दै अगाडि बढ्छौं, त्यसरी नै आमाको आमाको नाम के ? आमाको मामाघर कहाँ ? आमाको आमाको आमा कहाँकी र नाम के ? अनि तिनकी जन्मदात्री...? यसरी सम्भव भएसम्म खोज्नु उपयुक्त हुन्छ। यसरी बनाउन सकिन्छ नितान्त आफ्नो अप्लाइड हिस्ट्री ?"

हाम्रो आफ्नो परिवारमा रहेका महिलाहरूको यसरी पितातर्फका र मातातर्फका गरी दुवैतर्फका जतिसम्म सकिन्छ, त्यतिसम्मका मात्र पुस्ताको नाम खोज्ने प्रयास गरौं त। कति राम्रो इतिहास बन्दछ। यो जीवन्त इतिहास चाहिं अप्लाइड हिस्ट्री हुन सक्ला कि ?

एकपटक पहिले यसै स्तम्भमा लेखिसकेको छु कि हामी आफ्नै वरपरको इतिहासको खोजी गर्दैनौं, संरक्षण गर्दैनौं, जुन अति आवश्यक छ।

## छात्रको इमानदारी

कोलकाताको कतिपय विद्यालयमा परम्परा छ– वार्षिक परीक्षापछि एवं परिणाम घोषणाभन्दाअघि पूर्व छात्राहरूको परीक्षित उत्तरपुस्तिका देखाउने। छैटौं कक्षाका एकजना छात्रले आफ्नो उत्तरपुस्तिकामा शिक्षिकाले कुल योग गर्न भूल गरेको थाहा पाए। उनले २ अङ्क बढी पाएका थिए। छात्रले तुरुन्तै शिक्षिकाकहाँ पुगेर निवेदन गरे– "मिस ! तपाईंले मलाई २ अङ्क बढी दिनुभएको छ ?"

शिक्षिकाले पूरै तालिका हेरेर मुस्कुराउँदै उत्तर दिइन्– "हो, मैले एउटा उत्तरमा २ अङ्क कम दिएकी थिएँ, त्यसैलाई ठीक गर्न मैले यस्तो गरेकी हुँ।" शिष्यको विवेकशीलतालाई शाश्वत बनाइराख्न गुरुले परम्पराबाट हटेर सही निर्णय लिएकी थिइन्।

जागीरको लागि बनेको शिक्षा प्रणालीमा आजभोलि जब नक्कल गर्ने, गराउने अनेक घटना प्रिन्ट एवं डिजिटल मिडियामा आइरहन्छ। यस्तोमा यस प्रकारको घटनाले एउटा आदर्श प्रस्तुत गरेको छ।

# पहुना टाटी फारके झाँकतारन

सरोकार



राजेश मिश्र
rajesh560107@gmail.com

**साँझको बेला थियो। पहुनाले कोला र भुसौलीमा लुकेको क्षण कहिल्यै नबिर्सने बताउँदै आत्मसमर्पण गरे। प्रायः होलीमा जो भाग्छन्, ऊ नै लक्ष्य बन्दछन्। दिनभरिको थकानले सबै पस्त थिए। दिनभरिको होलीको चर्चासँगै हाँसो र ठट्टा हुँदै थियो।**

देहातमा आगन्तुकलाई 'पहुना वा मेहमान' मानिन्छ। यद्यपि 'पहुना' भनेपछि 'दामाद वा बहनोइ' (दिदी/बहिनीका पति) भन्ने मनोविज्ञान स्थापित छ। दामाद र बहनोइ अति सम्मानित र आदरणीय कुटुम्ब हुन्। पहुनालाई घरका मात्र होइन, गाउँका सबै मानिसहरू सम्मान गर्दछन्। इज्जत गर्दछन्। नाता अनुसार ढोग्ने र आशीर्वाद लिने/दिने शिष्ट आचरण विद्यमान छ। गाउँका मानिसहरूले दामाद/बहनोइको कुशल मङ्गल सोध्ने, सत्कार गर्ने र खानाको लागि बोलाउने परम्परा अमूल्य देहाती संस्कार हो।

सालो र सालीहरूका निम्ति बहनोइहरू मनोरञ्जनका उपक्रम पनि हुन्। सालो/साली र बहनोइहरूबीच एकअर्कासँग हाँसोठट्ठा गर्ने परम्परा पुरातनदेखि निरन्तर छ। सामान्यतया वैवाहिकलगायतका कार्यक्रममा बहनोइलाई 'रङ्ग लगाउने' वा 'दही चटाउने' (मुखमा दही लेप्ने) मनोरञ्जनात्मक क्रियाकलाप नहुने कुरै हुँदैन। होलीपूर्व बहनोइको आगमन भएमा रङ्ग र हिलोजन्य उपहारसहित फर्किने सम्भावना प्रबल हुन्छ। होली मनाउन कसको घरमा बहनोइ आएका छन् भन्ने कुरा युवाहरूको चाँसोमा पर्छ।

होलीको दिनको देहाती हास्यरसयुक्त एक प्रसङ्ग प्रस्तुत छ।



"पहुना के बोलादीं बाबाजी, होली खेलेके बा," युवाहरूको झुन्डले एक स्वरमा वृद्धसँग भनिरहेको थियो। ती वृद्ध खटिया (खाट)मा बसेर होलीको गीत गुनगुनाइरहेका थिए। युवाहरूले 'पहुना'लाई बाहिर बोलाइदिनुस् भन्दै वृद्धसँग आग्रह गरिरहेका थिए। वृद्धले यताउति हेर्न थाले। उनी मुस्कुराउँदै युवाहरूतर्फ हेरिरहेका थिए। साङ्केतिकरूपमा उनले टाउको दायाँ–बायाँ हल्लाउँदै 'दामादजी' छैनन् भनिरहेका थिए। भलादमी र उदण्ड दुवै प्रकृतिका मिश्रित युवाहरूको झुन्ड वृद्धको सङ्केतलाई स्वीकार गर्ने पक्षमा थिएन। क्रन्दन गर्न थाले। हल्ला मच्चाउन थाले। उनीहरूको चर्को स्वर देहातको शान्त माहोलमा सर्वत्र पुगिरहेको थियो।

यद्यपि वृद्धले धेरै विचार गरे। उनले युवाहरूको अगाडि ज्वाइँलाई उपस्थित गराउनु मनासिब नहुने ठाने। उनको आशङ्का स्वाभाविक थियो। उनले भने, "दामाद जी नइखीं नु आइल बबुवा, जा लोगन ओह टोला, केहु ना केहु के घरे बहनोइ आइले होइहें।" वृद्धले युवाहरूलाई ज्वाइँ नआएको बताउँदै पल्लो टोलमा जान सुझाए। युवाहरूमध्ये एकले भन्यो, "ना बाबाजी पहुना काल्हु सँझिया खुनी आइल बानी, हमनी के थाह बा बाबाजी, मत भुलियाइ, बोलादीं," पहिलो चुप नहुँदै दोस्रोले भन्न थाल्यो, "बाबाजी हमनीं के दु/तीन गोडा जातानी सन घर में देखे, पहुना ना होइहन त लवट जाएमसन, होई।" उनीहरूले भिनाजु आएको कुरा आफूहरूलाई थाहा रहेको वृद्धसँग भन्दै थिए। घरभित्र जान दिनुस् यदि पहुना छैनन् भने हामी फिर्ता जान्छौं भन्न पनि छुटाएनन् उनीहरूले।

युवाहरूको कोलाहल गुञ्जित भयो। सेनाले टार्गेटलाई घेरे जस्तै घरबाट उम्कन सक्ने सम्भावित बिन्दुहरूमा युवाहरूको बटालियन तैनात थियो। रङ्ग र अबिर लिएका युवाहरूले वृद्धसँग देखाउँदै अन्य केही नलगाउने भनिरहेका थिए। स्वभावतः गोबर र हिलो लिएका युवाहरूले शिकारी जस्तै घात लगाएर कुनाकाप्चामा लुकेका थिए।

एकातर्फबाट चर्को स्वरमा हल्ला गुञ्जायमान भयो, 'होदे बाड्न पहुना, कोला में लुकाइल बाड्न, टाटी फारके झाँकतारन।' त्यहाँ उपस्थित सबैको ध्यान हल्लातर्फ आकृष्ट भयो। कोही यता, त कोही उता दौडिन थाले। हल्लाखल्ला मच्चियो, 'पकड–पकड, पोत–पोत' जस्ता शब्द ध्वनि गुञ्जित भयो।

युवाहरूको होहल्ला पहुनाको कानमा शुरूमैं पुगिसकेको थियो। त्यति बेलादेखि नै उनी तनावमा थिए। घरभित्रका कोठाहरूमा उनलाई सुरक्षा महसूस भइरहेको थिएन। किनभने घरका टाटीहरू माथिबाट एक/दुई फिट छोटो थियो। ढोकाको माथिबाट पनि कोठामा छिर्न सक्ने सम्भावना प्रबल थियो। यदि युवाहरूको हुल घरभित्र छिर्‍यो भने पहुना कदापि उम्किने अवस्थामा थिएनन्। उनलाई सुरक्षित स्थानान्तरण हुनु सजिलो थिएन। भाग्यवश ससुरा हजुरबा बाहिर बसिरहेकाले युवाहरूको आक्रमण रोकिएको थियो। घरबाहिर अड्किएको थियो।

उहिले प्रायः घरको पछाडि खरको टाटीले घेरेर 'कोला' बनाइएको थियो। महिलाहरूको शौचादिको सवालमा कोला नै एकमात्र संसाधन थियो। टाटीमा औंलाले थोरै चौडा पारेर सोहीबाट पहुनाले युवाहरूलाई देखिइरहेका थिए। हुड्दङ्गीहरूको मानसिकतालाई मूल्याङ्कन गरिरहेका थिए। युवाहरूको ध्यान चोरेर उनी अन्तर्ध्यान हुन चाहन्थे।

दुर्भाग्यवश, टाटीको फाँफडबाट उनको 'पाइजामा' (सुरुवाल) प्रस्ट देखिइरहेको थियो। एक युवाको ध्यान टाटीतर्फ आकृष्ट भयो। पाइजामा देखा पऱ्यो। पहुना नै हुन् भन्ने कुरा यकीन भएपछि हल्ला भएको थियो।

सबै यताउति दौडिरहेका थिए। उफ्रिरहेका थिए। केटाहरूको एक हुल घरभित्र पनि छिऱ्यो। युवाहरू कराइरहेका थिए, 'होने चलसन, केंवाडी खोलसन, पहुना कोला में बाड्न।' युवाहरूको क्रन्दनले पहुना बेहाल थिए। केटाहरूले ढोकाको किल्ली खोल्ने प्रयास गरे। खुलेन। पहुनाले बुद्धि पुऱ्याएका थिए। सिकड लगाइदिएका थिए। केटाहरूले टाटीको रस्सी खोलेर कोलामा प्रवेश गर्ने प्रयासमा व्यस्त भए। पहुना भ्यागुता जस्तो कोलामा उफ्रिन थाले। कम्मरमा गम्छा बाँधे। हातमा चप्पल लिए। हल्का निहुरिए। टाटीलाई लक्षित गरे। त्यसपछि गैंडाको जोशमा टाटीलाई चिर्दै र फाँड्दै बाहिरिए। तीव्र वेगमा गल्ली हुँदै भाग्न थाले। अगाडि पहुना दगुरिरहेका थिए। पछाडिबाट युवाहरूको हुल पहुनालाई पछ्याइरहेको थियो। पहुनामाथि गोबर र हिलोको बौछार भइरहेको थियो। लखेट्दै युवाहरू एकले अर्कोलाई भनिरहेका थिए, 'कुछ गोडा होने से जासन आ कुछ गोडा हेने से जासन, चारु ओर से घेरल जाव।' निकै बेरसम्म यस्तो चलिइरह्यो।

पहुना अन्तर्ध्यान भइसकेका थिए। युवाहरूको जमात मन्दिरको प्राङ्गडमा एकत्रित भएको थियो। भुनभुन चलिरहेको थियो। एकले अर्कोलाई दोषारोपण गरिरहेका थिए। पहुना कहाँ लुकेका छन् ? कतिबेला अन्तर्ध्यान भए ? भन्नेबारे सबै अनभिज्ञ थिए। पाँच समूहमा विभाजित भएर उनीहरू गाउँभरि फैलिए। कुनाकाप्चामा खोज्न थाले। पहुना कतै पनि भेटिएनन्। युवाहरू हताश र निराश भए। थकित भए। जो जहाँ थिए, त्यहीं पहुनाको चतुराइको चर्चा गर्न थाले।

गोठमा गाई र भैंसीको हलचल भइरहेको थियो। शिशिर ऋतुको उत्तरार्द्धमा बिहान चीसो र दिउँसो कडा घाम लाग्ने गर्दछ। त्यसैले गाईभैंसीहरूलाई गोठमा बाँधिएको थियो। गोठनजीकै युवाहरू गफिइरहेका थिए। गाईभैंसीहरूको 'बाँ–बाँ'को आवाजसँगै खुट्टाको खडबडले गोठ हल्लिइरहेको थियो। युवाहरूले के भयो ? भन्दै जाउँ हेरौं भन्न थाले। गोठमा ढोकाको रूपमा जुटको बोराको पर्दा झुन्ड्याइएको थियो। केटाहरूले पर्दा हटाएपछि सबै कुरा बेपर्दा भयो।

पहुना जस्तै कदकाठीका मानिस गोठमा थियो। यद्यपि उनलाई चिन्न सहज थिएन। गोठघरको एक भागमा गाईभैंसीहरू बाँधिएका थिए। अर्को भागमा परालको भुसले भरिएको थियो। सोही 'भुसौली' (भुस राख्ने घरलाई भुसौली भनिन्छ)मा पहुना लुकेका थिए। गोबर र हिलोले भिजेका पहुनाले भुसमाथि चढ्ने प्रयासमा उनको जीउभरि भुस टाँसिएको थियो। अचम्मको प्राणीलाई देखेर गाईभैंसीहरू बाँ–बाँ गर्न थालेका थिए। शायद, गाईभैंसीहरू पनि हलचल गर्दै पहुनालाई जिस्काइरहेका थिए।

साँझको बेला थियो। पहुनाले कोला र भुसौलीमा लुकेको क्षण कहिल्यै नबिर्सने बताउँदै आत्मसमर्पण गरे। प्रायः होलीमा जो भाग्छन्, ऊ नै लक्ष्य बन्दछन्। दिनभरिको थकानले सबै पस्त थिए। दिनभरिको होलीको चर्चासँगै हाँसो र ठट्टा हुँदै थियो। सोहीबेला वयस्कहरूले ढोलक, नाल र झालको तालमा गाइरहेको होलीको गीतमा ध्यान गयो। पहुना र युवाहरू पनि होलीको साङ्गीतिक कार्यक्रममा सहभागी भए। ताली बजाएर साथ दिन थाले।

# द्रोण पर्व–३६



महाभारतबाट सङ्कलन तथा अनुवाद
**उमाशङ्कर द्विवेदी**

त्यहाँ पुगेर भगवान् श्रीकृष्ण र अर्जुनले पृथ्वीमाथि मस्तक टेकेर ढोगे। ती दुई नर र नारायणलाई त्यहाँ आएको हेरेर शङ्करजी अत्यन्त प्रसन्न भएर हाँस्दै भने– वीरवरहरू हो, तपाईंहरू दुवैजनालाई कैलाशमा स्वागत छ, विश्राम गर्नुहोस् र मलाई भन्नुहोस्– तपाईंहरूको के इच्छा छ। तपाईंहरू यहाँ जुन कामले आउनुभएको छ, म त्यसलाई अवश्य नै पूर्ण गर्नेछु। भगवान् शङ्करको कुरा सुनेर श्रीकृष्ण र अर्जुन दुवैजनाले हात जोडेर भने– भगवन्, तपाईं नै भव, सर्व, रुद्र, वरद, पशुपति, उग्र, कपर्दी, महादेव, भीम, त्र्यम्बक, शान्ति र इशान आदि नामबाट प्रसिद्ध हुनुहुन्छ, तपाईंलाई हामीले बारम्बार नमस्कार गरिरहेका छौं। तपाईं भक्तहरूमाथि दया गर्ने खालको हुनुहुन्छ, भगवन्, हाम्रो मनोरथ पूर्ण गर्नुहोस् ।

तदन्तर अर्जुनले मनमनैमा भगवान् श्रीकृष्ण र शिवजीको पूजन गरेर शीवजीसित भने– भगवन्, म दिव्य अस्त्रको चाहनाले यहाँ आएको छु। यो सुनेर भगवान् शिवले मुस्कान छर्दै भने– श्रेष्ठ पुरुषहरू, म तपाईं दुवैजनाको स्वागत गरिरहेको छु। तपाईंहरूको अभिलाषाबारे थाहा पाएँ। तपाईंहरू यहाँ जुन वस्तुको लागि आउनुभएको छ, त्यो म तुरुन्त दिंदैछु। यहाँबाट नजीकै एउटा अमृतमय दिव्य सरोवर छ, त्यसैमा मैले आफ्नो दिव्य धनुष र बाण राखिदिएको छु, त्यहाँसम्म गएर बाणसहित धनुष लिएर आउनुहोस् ।

'बेस' भनेर दुवै वीर शिवजीको पार्षद्‌सित त्यस सरोवरमा गए। त्यहाँ गएर उनीहरूले दुइटा नाग हेरे, एउटा सूर्यको समान प्रकाशमान थियो, अर्को एक हजार मस्तकवाला थियो, उसको मुखबाट आगोको लप्का निस्किरहेको थियो। श्रीकृष्ण र अर्जुन त्यस सरोवरको जलबाट आचमन गरेर ती नागहरूको छेउमा गई हात जोडेर शिवजीलाई नमस्कार गर्दै शतरुद्रीयको पाठ गर्न थाले। अनि भगवान् शङ्करको प्रभावले ती दुई महानाग आआफ्नो स्वरूप त्यागेर धनुषबाणमा परिणत भए। यसबाट उनीहरू बडो प्रसन्न भई धनुषबाणलाई लिएर शङ्करजीको छेउमा आए। त्यहाँ आएर ती अस्त्रहरूलाई उनीहरूले शङ्करजीलाई अर्पित गरिदिए। अनि भगवान् शङ्करको पासुलाबाट एउटा ब्रह्मचारी प्रकट भए। ती ब्रह्मचारीले वीरासनमा बसेर त्यस धनुषलाई उचाली त्यसमाथि विधिवत् बाण राखेर डोरीलाई ताने। अर्जुनले यी सबै ध्यानपूर्वक हेरिरहे र शिवजीले जुन मन्त्रको वाचन गरे त्यसलाई पनि याद गरे। अनि ती



ब्रह्मचारीले ती धनुषबाणलाई पुनः सरोवरमा फ्याँकिदिए। तत्पश्चात् शङ्करजीले प्रसन्न भएर आफ्नो पाशुपत नामक घोर अस्त्र अर्जुनलाई दिए। त्यसलाई पाएर अर्जुनको हर्षको सीमा नै रहेन। अब उनी आफूलाई कृत्य–कृत्य मान्न थाले। त्यसपछि अर्जुन र श्रीकृष्ण शिवलाई नमस्कार गरी उनको आज्ञा लिएर आफ्नो शिविरमा फर्किआए (यो जम्मै घटना अर्जुनले आफ्नो स्वप्नमा हेरेका थिए)।

यता श्रीकृष्ण र दारुक कुरा गरिरहे, राति छर्लङ्ग बित्यो। अर्कातिर राजा युधिष्ठिर पनि निन्द्राबाट ब्यूँतिएर स्नानगृहतिर गए। त्यहाँ नित्यक्रिया सकेर श्वेत वस्त्र धारण गरेका एक सय आठजना युवा स्नातक जल भरिएका सुनका घैंटा (कलश) लिएर उभिएका थिए। युधिष्ठिर एउटा महीन वस्त्र लगाएर श्रेष्ठ आसनमाथि बसी त्यस मन्त्रपूत जलले स्नान गर्न थाले। उनी स्नान पूजनबाट निवृत्त भएर बसैकै थिए कि एउटा दूत आएर खबर सुनायो– महाराज, भगवान् श्रीकृष्ण पाल्नुभइरहेको छ। राजाले भने– उनलाई स्वागतपूर्वक लिएर आऊ। तदन्तर भगवान् श्रीकृष्णलाई एउटा सुन्दर सिंहासनमाथि बसालेर राजा युधिष्ठिरले उनको विधिवत् पूजन गरे। यसपछि अन्य दरबारियाहरूको उपस्थिति हुन थाल्यो। विराट, भीमसेन, धृष्टद्युम्न, सात्यकि, चेदिराज, धृष्टकेतु, द्रुपद, शिखण्डी, नकुल, सहदेव, चेकितान, केकयराजकुमार, युयुत्सु, उत्तमौजा, युधामन्यु, सुबाहु र द्रौपदीका पाँच पुत्र– यी तथा अन्य धेरैजसो क्षत्रिय महात्मा युधिष्ठिरको सेवामा उपस्थित भएर उत्तम आसनमा विराजमान भए। श्रीकृष्ण र सात्यकि एकै आसनमाथि बसेका थिए। अनि राजा युधिष्ठिरले ती जम्मैले सुन्ने गरी श्रीकृष्णसित भने– भक्तवत्सल, जसरी देउताहरू इन्द्रको आश्रयमा रहन्छन्, त्यसै प्रकार हामी पनि तपाईंकै शरणमा रहेर युद्धमा विजय र स्थायी सुख चाहन्छौं। सर्वेश्वर, हाम्रो सुख र हाम्रो प्राणको रक्षा–सबै तपाईंकै अधीनमा रहेको छ। तपाईं यस्तो कृपा गर्नुहोस्, जसबाट हाम्रो मन तपाईंमैं लागिरहोस् तथा अर्जुनको प्रतिज्ञा सत्य होओस्। यस दुःखरूपी महासागरबाट अब तपाईंले नै हाम्रो उद्धार गर्नुहोस्। पुरुषोत्तम, तपाईंलाई हाम्रो बारम्बार नमस्कार छ। देवर्षि नारदजीले तपाईंलाई पुरातन ऋषि नारायण भनेर भन्नुभएको छ। तपाईं नै वरदायक विष्णु हुनुहुन्छ, यो कुरालाई आज सत्य गरेर देखाइदिनुहोस्। क्रमशः...

# पेन्शनको टेन्शन !



कुरोको चुरो
मुकुन्द आचार्य

यो मनुष्यलोकमा सबैभन्दा श्रेष्ठ र सबैभन्दा नीच मान्छे नै हो। यो मान्छे भनाउँदा पशुले अत्यन्त नीच काम पनि गरेकै छ र उत्तिकै उच्चतम काम गरेर नाम, दाम, माम पनि हाम गरेकै छ। अचम्म उल्काको छ, यो मान्छेको जात !

यसै क्रममा मान्छेले गाईगोरु, बाख्रा, खसी, बोका, भैंसी, कुकुर आदि पालेझैं टेन्शन पनि पालेको छ। सबैले थरीथरीका टेन्शन पालेर आफ्नो जीवनयापन गरिराखेका छन्।

मजाको कुरो त के छ भने यो टेन्शनका बारेमा सबैलाई था'छ। यसको नेपालीकरण गरेर सम्झाइ राख्नुपर्ने आवश्यक छैन। टेन्शनको आन्द्राभुँडी सबैलाई था'छ।

तैपनि यसका लाभहानिबारे बुझेर पनि हामी टेन्शनले टेन्श हुन छाड्दैनौं। कतिपय व्यस्त देखिने मान्छे छिनछिनमा थेगोसरी नै बोल्छन्– "आफूलाई कत्रो टेन्शन छ।" यो टेन्शनको बिमारी पिउनलाई पनि छ, हाकिमलाई पनि छ। यसको खास औषधि आजसम्म कसैले बनाउन सकेको देखिंदैन। यै ताल हो भने टेन्शन मात्र बाँकी रहन्छ, मान्छे च्वाँट !

अब त हुँदाहुँदा पेन्शनको पनि टेन्शन लिएर मान्छेले बाँच्नुपर्ने अवस्था छ। फलानो दिन पेन्शन लिन जानु छ, भनेर दश दिन पहिलेदेखि नै पेन्शनहरू योजना बनाउन थाल्छन्। बूढाको पेन्शन कसरी हरण गर्ने भनी घरका टेन्शनमा हुन्छन्।

म पनि पेन्शनको लामो लाइनमा उभिएको थिएँ। अघिल्तिर पनि थुप्रै पेन्शनर थिए, पछिल्तिर पनि उत्तिकै लामो लर्को थियो। सबका सब टेन्शनयुक्त। सबै अघि सर्न लालायित, छटपटी, व्यग्रता र तँछाडमछाडको मनस्थितिमा। तर लाइन अघि सर्ने मुडमा देखिएन।

मेरो अघिल्तिर एकजना दुब्ला पात्ला, निधारमा भव्य रक्तचन्दन सुशोभित, प्रायः सबै औंलामा अलग–अलग ग्रहलाई खुशी पार्न अलग–अलग धातुका औंठीहरू चम्किरहेका, मुखमा भर्खरै पानले छरेको छादेको लाली, हेर्दा शान्त सौम्य होलान् जस्तो। तर तुरुन्तै उनले मेरो अनुमान गलत साबित गर्दै गोजीबाट मोबाइल नामक यन्त्र झिके र त्यसमा तास खेल्न थाले। कस्तो स्मार्ट...!

सोचें, यस्तो हुलमा कसरी खेल्न सक्नुहुन्छ ? उनले रेडिमेड जवाफ दिए, यो पेन्शनको टेन्शनमा रहनुभन्दा त तास खेलेर टाइम पास गर्नु बुद्धिमानी हैन र ?

हो त नि, भनौं भने आफू बुद्धिहीन होइन। त्यसैले मैले टाउको मात्र हल्लाए, बोलेर क्यै भएन र म पनि उनको मोबाइल यन्त्रमा ध्यानकेन्द्रित गरेर टेन्शनमा भुल्ने प्रयासमा लागे। पेन्शनको टेन्शनलाई चिप्लेकीराझैं बिस्तारो चालले काम गर्ने बैंक कर्मचारीहरूले बुझिदिए कति राम्रो हुन्थ्यो होला, भन्ठानें।

अनि एउटी वृद्धालाई सहारा दिंदै छोरा चैंले ल्याए। केहीले भने– कस्तो कलियुगी श्रवणकुमार रै'छन्। लाइनमा उभिएका एकजना अनुभवी बूढाले कमेन्ट गरे– "पेन्शन के एको पैसा बुढिया के हात ना परी। बेटवा पैसा ले के उडन छू होजाई। आ... बुढिया रोवत रही।"

नभन्दै त्यस्तै भयो। बूढीले त पेन्शनको पैसा छुन पनि पाइन। बिचरी रुन्चे अनुहार बनाएर सिंढीबाट ओर्लन सहारा खोज्दै थिई। कठै बरा !

कुनै पेन्शनरको वारिस भर्खरै युवावस्थाको रङ्गिन रोडमा पुगेको थियो। उसले चिच्याउने पारामा आक्रोश ओकल्यो– "एतना कर्मचारी लोग बा, दु तीन गो काउन्टर चलावेके ना चाहीं ? लाइन मे खडुवात खडुवात हमर त गोड दुखा गइल। कवनों सरकार आवो, इहवाँ कभी सुधार ना होई।"

यो आकाशवाणी हुनासाथ एकै छिन बैंक कर्मचारीहरू निशब्द भए। बोल्ने पनि क्यै नबोले जस्तो गरेर उभिरह्यो। एक निमेषमा यो काण्ड समाप्त भयो। कतै क्यै नभए जस्तै मुर्दा शान्ति !

एक छिनपछि नै बिजुली बेपत्ता भयो। अनि कम्प्युटर चल्ने कुरै भएन। पेन्शनरहरू झन् अत्तालिए। कसो म आफ्नो पालो सकेर निस्कन लागेको थिएँ।

पेन्सनको टेन्शन, प्लीज डन्ट मेन्शन !

# आयुर्वेदिक सल्लाह



पानी पिउने नियम

(१) मन्दाग्नि, पाण्डुरोग, उदररोग, अतिसार, अर्श तथा शोथका रोगीले पानी कम पिउनुपर्छ।

(२) भोजनभन्दा अघि र पछि पानी पिउनुहुँदैन। भोजन गर्ने समयमा बीच–बीचमा पानी पिउन सकिन्छ।

(३) थकाइ लागेपछि, बान्ता भएपछि, तिर्खा बढी लागेपछि, शरीरमा जलन भएपछि, नाथ्रो फुटेपछि, चक्कर लागेपछि शीतल पानी पिउनुपर्छ।

(४) उमालेर चीसो गरिएको पानी स्रोतलाई शुद्ध गर्छ र पैत्तिक रोगलाई शान्त गर्छ, त्यस्तै पानी बासी भएपछि त्रिदोषकारक हुन्छ।

(५) वर्षा ऋतुमा नदीको पानी र अन्तरक्षको जल अपथ्य हुन्छ।

(६) घाँटीको रोग, बाडुली, वातरोग, कफरोग, नवज्वर, कास, पिनास, श्वास, पार्श्वशूलमा तातो पानी पिउनुपर्छ।

(७) नरियलको पानी पिउँदा तिर्खा शान्त हुन्छ, वात–पित्तरोग शान्त हुन्छ, भोक बढ्छ, बस्तिकी शुद्धि हुन्छ।

यी वस्तुलाई साथ मिलाएर खानुहुँदैन–

(१) अमिलो फलसँग दूध खानुहुँदैन।

(२) कुलथी, सिमी र मोठ आदिको दाल दूधसँगै खानुहुँदैन।

(३) मासको दालसँग मूला खानुहुँदैन।

(४) मट्ठेसँग केरा खानुहुँदैन।

(५) मह, घ्यूलाई समान मात्रामा मिलाएर खानुहुँदैन।

(६) खीर खाएपछि सतुवा पिउनुहुँदैन।

(७) सलाद खाएर दूध पिउनुहुँदैन।

खाना खानेबेलामा ध्यान दिऔं–

(१) भोजन गर्ने समयमा केरा, नरियल, आँप आदिलाई भोजनभन्दा पहिले खानुपर्छ।

(२) अमिलो एवं नुनिलो पदार्थलाई भोजनको मध्यमा लिनुपर्छ।

(३) हलुका, रूखा, तीतो एवं पिरो पदार्थ भोजनको अन्त्यमा खानुपर्छ।

(४) गहुँ, जौ, दही तथा महको सेवन गरेपछि शीतल पानी पिउनुपर्छ।

(५) पिसेको अन्नबाट बनेको वस्तुको सेवन गरेपछि तातो पानी पिउनुपर्छ।

(६) शाक, मुङ्ग, मासको दालबाट निर्मित वस्तु सेवनपछि दहीको पानी अथवा मही लिनुपर्छ।

(७) मोटो व्यक्तिले भोजनपछि महमा ताजा जल मिलाएर पिउनुपर्छ।

कविता

## स्वर्णलोकको यात्रा

- समीर पाख्रिन

भ्रममा रहेछु म
बाटो अर्कै रहेछ
हिंडिरहें आफ्नै ढिपीमा
मबाट गल्ती भएछ
नराम्ररी झुक्किएँ म
पथ प्रदर्शक गलत परेछ
कसरी भ्रममा परें म
कसैले पक्कै षड्यन्त्र रचेछ
एक्लै होइन म यात्रामा
मेरोपछि कैयौं रहेछ
कसरी चुकें म गन्तव्यमा पुग्न
सबैले धोका पाएँ भन्दैछ
लक्ष्य चुम्ने धेरैको
अभीष्ट धराशयी भएछ
बाटो सही हो भनी
मेरा पछिपछि हिंडेकाहरू
सोध्दैछन् कसरी फरक परेछ ?

स्वर्णलोक हो गन्तव्य सबैको
जहाँ मधुवर्षा हुन्छ सदैव
पुग्न सकेमा जो कोही
हासिल गर्दछ अथाह वैभव
यसैले गर्दछन् मरिहत्ते
पुग्नलाई सबै स्वर्णलोक
पन्छ्याइ सारा विघ्नबाधा
हिंडेका छन् अनवरत्।

आहा ! त्यो मधुवर्षा !
ज्वाजल्यामान स्वर्णासन
अनि
वरिपरि हेर सुरा–सुन्दरी
यसैले त
लम्कँदो छ पाइला निरन्तर
रातदिन
झरी बतास केही नभनी।

आहा ! कति लालायित !
पुग्न त्यो स्वर्णलोक
सपनाको नगरी
पुगेकाहरू बन्दा रहेछन् रातारात
कुबेर अनि बाहुबली
आहा ! कस्तो होला ?
त्यो जादुमय नगरी
पुग्न अरूको खुनसम्म पिउन तयार
कति हठी र महत्त्वाकाङ्क्षी
ती सबै स्वर्णलोकका यात्री।

अनि मझैं
भ्रममा परेकाहरू
दम्भित र आत्मदासी
ठेलमठेलमा परी पाखा लागेका
सर्वस्व गुमाइ पथभ्रष्ट बनेका
देखिंदा रहेछन् रुन्चे अनुहार पारेर
बसेका बीच बाटोमा।

भन्थ्यो हो रहेछ
स्वर्णलोकको यात्रा सहज छैन
सहयात्री कसैमाथि विश्वास हुँदैन
सावधान !
सँगै हिंड्नेले धकेल्न सक्छ
थाहै नदिएर रेट्न सक्छ
हो रहेछ
मैले गन्तव्य गुमाएको छु
कसैको गलत इशारा पाएर म
ठगिएको छु लुटिएको छु
यति लामो हिंडेपछि
अन्ततः बाटो हराएको छु
भन्थे हो रहेछ
स्वर्णलोक जाने
मायावी बाटो अनेक छन्
थोरै मात्र पुग्छन्
उसको कर्म अनि भाग्यले
यसैले पो पुगेकाहरू
फर्कन नचाहेका रहेछन्
आजीवन टिकी रहन स्वर्णलोकमा
मरिहत्ते गरेका रहेछन्।

–ललितपुर, काठमाडौं

# कबाडवालाको इमानदारी

- कैलाश पङ्कज श्रीवास्तव

कल्लु कबाडवाला रिक्शा लिएर हाम्रो टोलमा पुरानो अखबार, पुस्तक तथा कबाडका सामान किन्न आउँछन्। जब पुरानो अखबार दुई/चार महीनाको जम्मा हुन्थ्यो, हामीले त्यो बेचथ्यौं। कल्लुले त्यसलाई तराजुमा जोखेर किलोको हिसाबले हामीलाई पैसा दिन्थे।

एकपटक पुरानो अखबार बेच्ने



समयमा भाव तय गर्ने सिलसिलामा मैले उनीसँग सोधें– "रिक्शामा जुन अखबारको थुप्रो राखिएको छ, त्यो कुन भाउमा किनेर ल्यायौ ?"

उसले भन्यो– "यो अखबारको थुप्रो मैले सित्तैमा ल्याएको हुँ, किनभने म जहाँबाट यो अखबार ल्याउँछु, उसले मसँग पैसा लिंदैन।"

जब मैले यो विचित्र कुराको कारण सोधें, तब उसले एउटा पुरानो घटना सुनाए।

धेरै महीना पहिले कल्लुले त्यस घरबाट एकपटक पुरानो अखबारको थुप्रो लिए र तौलको हिसाबले पैसा दिए। साँझ त्यही अखबारको थुप्रो थोकपसलमा पुगेर तौल लगाउँदा त्यहाँ अखबारको गड्डीमा एउटा गन्हुँगो चाँदीको कमरपेटी भेटियो। कल्लु र थोकपसले दुवैको नजर त्यसमाथि पऱ्यो। थोक व्यापारीले भने– "तिमीले अखबार तौलेर मसँग पैसा लिइसक्यौं। अतः यो म फिर्ता दिन्नँ।"

कल्लुले भने– "मैले तिमीलाई अखबार बेचेको हुँ र त्यसको मूल्य अनुसार तिमीले मलाई पैसा दिएका छौं। यदि तिमीले यो चाँदीको कमरपेटी पनि राख्छौं भने त्यस हिसाबले त्यसको पनि मूल्य देऊ, नत्र मलाई फिर्ता गर।"

धेरैबेर विवादपछि थोक व्यापारीले त्यसलाई फिर्ता गरे। कबाडीवालालाई सम्झना थियो, अखबार उसले कुन घरबाट किनेका थिए।

अर्को दिन ऊ त्यस घरमा पुग्यो, जहाँ उसले अखबार किनेको थियो। उसले चाँदीको कमरपेटी देखायो। घरधनीले सोधे– "तिमीकहाँ कसरी पुग्यो ?" कबाडीवालाले हिजोको सबै घटना बताए।

केही दिनअघि घरधनीले सुरक्षाको दृष्टिकोणले त्यो कमरपेटीलाई पुरानो अखबारको बीचमा राखेर बिर्सिएका थिए। कबाडीवालालाई उसले खुशीले केही रकम पुरस्कारस्वरूप दिन चाह्यो तर उसले मानेन। त्यसपछि घरधनीले भन्यो– "तिमी सधैंभरि मकहाँबाट कबाड सामान लिएर जानू, तर हामीलाई कहिल्यै यसको पैसा नदिनू। यो घटना सुनेर यस्तो लाग्यो आज पनि धेरैजनामा इमानदारी छ।

# हृदय र जिभ्रो

एकजना जिज्ञासुले ज्ञानीसँग सोधे– "जीवनलाई अलङ्कृत पार्ने देवता को हुन् ? उत्तर आयो– "हृदय र जिभ्रो।" वास्तवमा हृदयको निष्ठुरता र सहृदयताले व्यक्तिलाई पतित वा महान् बनाउँछ। जिभ्रोको असंयमले मानिस आफ्नो स्वास्थ्य र सहयोग गुमाउँछ। मधुर र उपयुक्त सम्भाषणले श्रेय र स्नेहको भरपूर मात्रा हस्तगत हुन्छ।

जिज्ञासुले सोधे– "सबभन्दा महत्त्वपूर्ण काम के हो ? सबैभन्दा महत्त्वपूर्ण व्यक्ति को हो र सबैभन्दा उपयुक्त समय कुन हो ?" ज्ञानीले समाधान प्रस्तुत गर्दै भने– "जुन काम हातमा छ, त्यही सबैभन्दा महत्त्वपूर्ण हो। यसैगरी, जसले सँगै काम गर्छ, ऊ नै सबैभन्दा उपयुक्त हो र वर्तमान समय नै सबैभन्दा उपयुक्त मुहूर्त हो। यसलाई गुमाउनुहुँदैन।"

# अन्तर्राष्ट्रिय समाचार

## युरोपमा अस्ट्राजेनिका खोप लगाउन पुनः शुरू

पेरिस, ६ चैत/एएफपी

फ्रान्स र जर्मनीमा पनि शुक्रवारदेखि कोभिड–१९ विरुद्धको अस्ट्राजेनिका खोप लगाउन पुनः शुरू भएको छ। युरोपेली नियामक निकायले अस्ट्राजेनिका खोप सुरक्षित रहेको जनाउँदै खोप लगाउने प्रक्रिया पुनः शुरू गर्न युरोपेली मुलुकहरूसमक्ष आग्रह गरेको थियो।




उता संयुक्त राज्य अमेरिकामा तोकिएको मितिअगावै १० करोड खोप दिने लक्ष्य पूरा गर्न लागेको अमेरिकी प्रशासनले जनाएको छ। राष्ट्रपति बाइडेनले खोपको उपलब्धता र वितरणमा कुनै समस्या आउन नदिने पटक–पटक प्रतिबद्धता व्यक्त गरेका छन्।

रगत जम्ने सम्भावित आशङ्कालाई लिएर युरोपदेखि एशिया र दक्षिण अमेरिकाका विभिन्न मुलुकले अस्ट्राजेनिका खोप लगाउन रोकेका थिए।

युरोपेली नियामक निकायले खोप सुरक्षित र प्रभावकारी रहेको भनाइ सार्वजनिक गरेलगत्तै स्पेन, इटाली, नेदरल्यान्ड्स, पोर्चुगल, लिथुआनिया, लातभिया, स्लोभेनिया र बुल्गेरियाले खोप अभियान शुरू गर्ने बताएका छन्।

फ्रान्समा कोभिड–१९ को सङ्क्रमण फैलिएसँगै शनिवार रातिदेखि एक महीने सीमित लकडाउन शुरू भएको छ। फ्रान्समा चार महीनायता एकै दिन सबैभन्दा बढी सङ्क्रमित भेटिएका थिए।

पेरिसमा अत्यावश्यकबाहेकका सबै व्यवसाय बन्द हुनेछन्। यद्यपि, विद्यालयहरू भने खुला गरिने र घरबाट १० किलोमिटरसम्म मात्र यात्रा गर्न स्थानीयवासीलाई अनुमति दिइएको छ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले पनि अस्ट्राजेनिका खोपको सुरक्षा र प्रभावकारिताका बारेमा गरिरहेको अनुसन्धानको नतीजा शुक्रवार सार्वजनिक गर्दैछ। ढुवानी र भण्डारमा सहज तथा सस्तो मूल्यमा उपलब्ध हुने यो खोप बेलायतको अक्सफोर्ड विश्वविद्यालय र स्वीडेनको औषधि निर्माता कम्पनी अस्ट्राजेनिकाले संयुक्तरूपमा विकास गरेका हुन्। अस्ट्राजेनिकालाई हाल कोभाक्समा समावेश गरिएको छ। कोभिडविरुद्धको खोपलाई विश्वका विभिन्न मुलुकमा समानरूपमा वितरण गर्न कोभाक्सले मदत गरिरहेको छ।

उता, फिलिपिन्सका औषधि नियामक निकायले रूसले विकास गरेको स्पुतनिक भी खोपलाई आपत्कालीन प्रयोगका लागि अनुमति दिएको छ। फिलिपिन्सले ५० लाखदेखि एक करोड डोज खोप लिने योजना बनाएको छ।

संयुक्त राज्य अमेरिकाले आफ्ना छिमेकी मुलुकहरू मेक्सिको र क्यानडालाई मदत गर्न लाखौं डोज अस्ट्राजेनिका खोप उपलब्ध गराउने तयारी गरेको अमेरिकी प्रशासनले जनाएको छ।

ह्वाइट हाउसकी प्रेस सचिव जेन साकीले २५ लाख डोज मेक्सिको र १५ लाख डोज क्यानडालाई उपलब्ध गराउन लागेको पुष्टि गरिन्। रासस

## कोरोना भाइरसको सङ्क्रमण बढेपछि फ्रान्समा फेरि लकडाउन

पेरिस, ६ चैत/सिन्हवा

कोरोना भाइरसको सङ्क्रमण बढेपछि फ्रान्समा फेरि 'लकडाउन' भएको फ्रान्सका प्रधानमन्त्री जिन क्यास्टेकले बिहीवार घोषणा गरेका छन्।

उनले बिहीवार पत्रकार सम्मेलन गरेर फ्रान्समा पछिल्लो समयमा कोरोना भाइरसको प्रकोप पहिलेभन्दा पनि झन् बढेका स्थानहरूमा लकडाउनको घोषणा गरेका हुन्।

उनले यहाँका बढी प्रभावित विभिन्न १६ वटा राज्यमा यस्तो नियमको घोषणा गरेका हुन्। कोरोना भाइरसको सङ्क्रमण तीव्र गतिमा बढ्न थालेपछि राष्ट्रपति इम्यानुएल म्याँक्रोले करीब चार महीनाअघि मात्र पनि दोस्रोपटक लकडाउनको घोषणा गरेका थिए।

तर प्रधानमन्त्री क्यास्टेकले यो अहिलेको लकडाउन पहिलेको जस्तो कडा नरहेको र यहाँका नागरिकले आफ्नो घरमा भने बस्नुपर्ने बताएका छन्।

पहिलेका लकडाउनमा यहाँ एक किसिमले कर्फ्यू नै लगाएजस्तो हुने गरेकोमा अहिले त्यस्तो नभएर नागरिकहरूले घरमा बस्नुपर्ने मात्र रहेको बताइएको छ।

कोरोना भाइरसको महामारीको शुरूमा युरोपमा अति प्रभावितमध्येको फ्रान्समा गत मार्चमा पहिलोपटक लकडाउन गरिएको थियो। त्यस बेला दुई महीना लकडाउन गरेर खुला गरिएको थियो।

पछिल्लो समय महामारीको दोस्रो लहर तीव्र गतिमा बढेपछि प्रधानमन्त्रीले शुक्रवारदेखि नै लागू हुने गरी पुनः लकडाउनको घोषणा गरेका हुन्।

यो लकडाउनका समयमा मानिसहरूलाई अत्यावश्यक कामका लागि मात्रै घरबाहिर निस्कने अनुमति दिइनेछ। तर एक राज्यबाट अर्कोमा जान यात्रा प्रतिबन्ध गरिएको छ।

विद्यालयहरू भने खुला राखिएको छ तर यहाँको सरकारले तय गरेका मापदण्डहरू पूर्णरूपमा लागू गरेर मात्र विद्यालय खोल्न सकिने बताइएको छ।

उता काममा जानुपर्ने मानिसले पनि आफ्नो घरबाट बढीमा १० किलोमिटर परसम्मको कामका लागि मात्र जान सक्ने बनाइएको छ।

प्रधानमन्त्रीले बिहीवार पत्रकार सम्मेलनमा भने– रेस्टुरेन्ट, बारसहितका अत्यावश्यकभन्दा बाहिरका सेवा बन्द रहनेछन्, तर विद्यालय र उद्योगहरू भने खुला हुनेछन्।

फ्रान्समा पछिल्ला दिनमा कोभिडका कारण मृत्यु हुनेको सङ्ख्या बढ्दै गएको छ भने दैनिक ३० हजारभन्दा बढी सङ्क्रमित थपिंदै गएका छन्।

गएको २४ घण्टायताको अर्थात् बिहीवार मात्रको तथ्याङ्कमा यहाँका ३५ हजारजनामा यो सङ्क्रमण देखिएको छ। यो समयमा मात्र २६८ जनाको यो सङ्क्रमणबाट निधन भएको छ।

यसरी पछिल्लो समयमा फ्रान्समा कोरोना भाइरसबाट सङ्क्रमित हुने र मृत्यु हुनेहरूको सङ्ख्या पनि प्रतिदिन बढ्दै गएको देखिएको छ।

फ्रान्समा अहिलेसम्ममा करीब ४२ लाखजनालाई यो सङ्क्रमण देखिएको छ। त्यसैगरी, यहाँ यस महामारीबाट मृत्यु हुनेको सङ्ख्या पनि ९१ हजारभन्दा बढी पुगेको बताइएको छ।

**भारतमा कोरोना सङ्क्रमितको सङ्ख्या बढ्दै**

नयाँ दिल्ली/सिन्हवा

भारतमा कोरोना भाइरसबाट सङ्क्रमित हुनेको सङ्ख्यामा फेरि वृद्धि हुन थालेको छ। केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले शुक्रवार दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा भारतमा करीब ४० हजारजना सङ्क्रमित भएका छन्। गत बुधवार एक दिनमा ३६ हजारजना सङ्क्रमित भएका थिए भने बिहीवार ३९ हजार ७२६ पुगेको छ। गत २४ घण्टाको कोरोना सङ्क्रमितको यो सङ्ख्या यस वर्ष शुरू भएयताको नै सबैभन्दा बढी हो।

भारतमा अहिलेसम्म कुल सङ्क्रमितको सङ्ख्या एक करोड १५ लाख १४ हजार ३३१ पुगेको सो मन्त्रालयले जनाएको छ। कुल सङ्क्रमितमध्ये दुई लाख ७१ हजार २८२ जना अहिले पनि सङ्क्रमित अवस्थामैं छन् भने कुल एक करोड १० लाख ८३ हजार ६७९ जना सङ्क्रमणमुक्त भएका छन्। गत २४ घण्टामा कोरोना सङ्क्रमणबाट १५४ जनाको मृत्यु भएपछि यहाँ कोरोना सङ्क्रमणको कारण मृतकको सङ्ख्या एक लाख ५९ हजार ३७० पुगेको शुक्रवार जनाइएको छ। भारतमा जनवरीबाट कोरोनाविरुद्धको खोप अभियान शुरू भएको थियो। सो समयदेखि हालसम्म करीब तीन करोड ८० लाखजनाले खोप लगाइसकेका छन्।

त्यसैगरी, कोरोना परीक्षण गर्ने क्रम पनि चलिरहेको भारतीय चिकित्सा अनुसन्धान परिषद्ले जनाएको छ। परिषद्का अनुसार मङ्गलवारसम्म भारतमा २३ करोडभन्दा बढी व्यक्तिको कोरोना परीक्षण गरिएको छ। रासस

## सामिआ सुलुहु हसन तान्जानियाको पहिलो महिला राष्ट्रपति

दारेसलाम, ६ चैत/सिन्हवा

तान्जानियामा सामिआ सुलुह हसन पहिलो महिला राष्ट्रपति भएकी छन्। राजधानी दारेसलाममा सेनाको परेडबीच हसनले शुक्रवार राष्ट्रपति पदको शपथग्रहण गरेकी छन्।

तान्जानिया राष्ट्रपति जोन मगुफुलीको ६१ वर्षको उमेरमा गत बुधवार निधन भएपछि हसन राष्ट्रपति भएकी हुन्। तान्जानियाको राजधानी दारेसलाममा मुटुरोगको उपचार गराइरहेका मगुफुलीको बुधवार राति मृत्यु भएपछि उपराष्ट्रपति समिआ सुलुह हसन राष्ट्रपति बनेकी हुन्।

हसनले इमानदार भई व्यवहार गर्ने र तान्जानियाको संविधानको रक्षा गर्ने वचन दिएकी छन्। संविधान अन्तर्गत हसनले मगुफुलीको दोस्रो चरणको बाँकी अवधिको काम गर्नेछिन्। सो अवधि सन् २०२५ सम्म रहनेछ।

पूर्वराष्ट्रपति जोन मगुफुली सन् २०१५ मा पहिलोपटक राष्ट्रपति निर्वाचित भएका थिए।

गत वर्षको चुनावपछि उनी दोस्रो कार्यकालका लागि निर्वाचित भएका थिए। तान्जानियाको संविधान अनुसार राष्ट्रपतिको पाँच वर्षे कार्यकाल हुन्छ। अब उनको बाँकी समय देशका उपराष्ट्रपतिले राष्ट्रपति भएर काम गर्नेछन्। रासस



यो तस्वीर पोखरिया नगरपालिका, नेपाल विद्युत् प्राधिकरण पोखरिया वितरण केन्द्रलगायतको हो। कोरोनाको सङ्क्रमण कम भएसँगै यहाँ मास्क लगाउने, विसङ्क्रमित गर्ने र सामाजिक दूरी कायम गर्ने जस्ता कार्यहरू कायम छैन। विद्यालय, सरकारी कार्यालय, नगरपालिका, वडापालिका र बैंक, बजारहरूमा स्वास्थ्य मापदण्डका गतिविधिहरू पालना हुन छाडेका छन्। १० प्रतिशतले पनि मास्क लगाउँदैनन् भने विसङ्क्रमित गर्ने कुरै भएन। सामाजिक दूरी कायम गरेर काम गर्ने प्रचलन पनि हराएको बराबर छ। यहाँ रहेका केही बैंकमा मास्कको प्रयोग गर्न भनिन्छ तर त्यसलाई कडाइका साथ लागू गरिंदैन। बैंकिङ कारोबार गर्नेहरूमध्ये ५० प्रतिशतले मात्र मास्क प्रयोग गरेको पाइएको छ। विद्यालय र बजारहरूमा झनै भद्रगोल स्थित छ। तस्वीरः धर्मेन्द्र चौरसिया

## समाजसेवी शङ्करसाह कलवारको श्रद्धाञ्जलिसभा

प्रस, सिम्रौनगढ, ६ चैत/

बाराको सिम्रौनगढ–४ टोल गङ्गानगरमा शुक्रवार श्रद्धाञ्जलिसभा सम्पन्न भएको छ।




तस्वीरः प्रतीक

सिम्रौनगढ एवं बारा जिल्लामैं समाजसेवीको रूपमा पहिचान पाएका स्व शङ्करसाह कलवारको १३औं पुण्यतिथिमा आयोजित श्रद्धाञ्जलिसभामा प्रमुख अतिथि जनता समाजवादी पार्टीका केन्द्रीय नेता राजेन्द्र महतोले प्रसिद्ध ऐतिहासिक, पर्यटकीय स्थल सिम्रौनगढको आफ्नै इतिहास, पहिचान, अधिकार तथा शासन रहेको बताए। उनले नेपाल एकीकृत हुने क्रममा एकीकृत भयो तर यहाँ भौगोलिक एकीकृत त भयो जनता–जनताबीचको भावना एकीकरण हुन नसकेको बताए। ठीक यही कुराको पीडा हामीलाई सताइरहेको उनले बताए। नेपालमा हालको ओलीको प्रतिगमन सबै ठीक भयो तर संविधानमा जुन प्रतिगमन भएको छ, त्यसलाई ठीक पार्न जरुरी रहेको उनले बताए। उनले भने हाल जनता समाजवादीको हातमा जुन साँचो रहेको छ, त्यो जनताको हितको लागि प्रयोग हुनेछ। जनता समाजवादीले उठाएका मागको सम्बोधन जहाँबाट हुन्छ, हाम्रो सहयोग त्यहीं रहन्छ। अर्का वक्ता प्रदेश नं २ का सभामुख सरोज यादवले समाजसेवी शङ्करसाह कलवार विकासशील सोच र असल विचारका धनी व्यक्ति रहेको बताए। हाम्रो घर पनि यहीं भएकोले उनीसँग मैले धेरै कुरा सिक्न पाएँ। उनको विचारको अनुसरण गरेर अघि बढ्न जरुरी रहेको बताए।

श्रद्धाञ्जलिसभामा जसपाका नेता पूर्वमन्त्री अनिल झा, सिम्रौनगढ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिओमप्रसाद जैसवाल, नेकपाका महेन्द्र जैसवाल, नेपाली काङ्ग्रेसका प्रभु पटेल, जसपाका मदनप्रसाद यादवलगायतले आआफ्नो विचार राखेका थिए।

जसपा नेता एवं वडाध्यक्ष राजेश यादवले स्वागत गरेको श्रद्धाञ्जलिसभाको सञ्चालन परमानन्द मुखिया र सियाराम यादवले गरेका थिए।

जसपा सिम्रौनगढ नगर कमिटी अध्यक्ष किशोरीप्रसाद साह कलवारको अध्यक्षतामा सम्पन्न श्रद्धाञ्जलिसभामा जसपा नेता एवं मन्त्री जीतेन्द्र सोनल, बारा जिल्ला समन्वय समितिका अध्यक्ष नवलकिशोर सिंह, केन्द्रीय सदस्य श्याम गुप्ता, रामबाबू यादव, सञ्जय यादव, जियालाल ठाकुर, रामकिशोर यादव, कमरुल्लाह अन्सारी, अजय पटेल, धर्मेन्द्र प्रसादलगायतको सहभागिता थियो।

## दुई हप्ताभित्र काङ्ग्रेसको नेतृत्वमा सरकार –महामन्त्री कोइराला

काठमाडौं, ७ चैत/रासस

नेपाली काङ्ग्रेसका महामन्त्री डा शशाङ्क कोइरालाले अबको दुई हप्ताभित्र काङ्ग्रेसको नेतृत्वमा सरकार बन्ने बताएका छन्।

पत्रकारसँगको भेटमा शुक्रवार उनले सरकार परिवर्तनको विषयमा काङ्ग्रेस, माओवादी केन्द्र र जनता समाजवादी पार्टीबीच छलफल भइरहेको बताए।

उनले भने, "माओवादी केन्द्र र मधेसवादी दलबीच भएको छलफल निष्कर्षमा पुग्छ र काङ्ग्रेसको नेतृत्वमा सरकार बन्छ।"

अहिले काङ्ग्रेस पर्ख र हेरको अवस्थामा रहेको उनको भनाइ थियो। माओवादी केन्द्र सरकारमा रहिरहेका कारण केही समय लागेको उनको भनाइ थियो। उनले भने, "अहिले माओवादी केन्द्र सरकारमा छ। उनीहरू फर्कन्छन् कि फर्कंदैनन् भन्ने हेर्नुपर्छ। तर हाम्रो प्रयत्न माओवादी केन्द्रलाई अहिलेको सरकारबाट बाहिर ल्याउने रहेको छ।"

प्रधानमन्त्री ओली नेतृत्वको सरकारले चालेको प्रतिगमनकारी कदमलाई सर्वोच्च अदालतले सच्याइदिएको भन्दै उनले संविधानको रक्षा गर्ने जिम्मेवारी काङ्ग्रेसको काँधमा आएको बताए।

**लोकसेवाको तयारी**

निजामती सेवाः शाखा अधिकृत, प्राविधिक सहायक (प्रा.स.), नायब सुब्बा, महिला विकास निरीक्षक, खरिदार, अमिन (सर्वेक्षक), विद्यालय निरीक्षक, कृषि तथा भेटेनरी जेटिए)

शिक्षक सेवाः माध्यमिक तह, निमावि तह, प्राथमिक तह, टिचिङ लाइसेन्स, त्रि.वि. सेवा आयोगका विभिन्न तह

ACHIEVERS INSTITUTE

Birgunj-8, Panitanki (Near Decimal College)
9823389488, 9865415634, 9811299300

**Poonam Arts**

......A Complete art Solution

- Flex Print - Sticker Print
- Dps Board - Light Board
- Glowsing Board
- Wall Painting
- Stall Decoration
- 2D-3D Board
- Hoarding Board
- Digital Hoarding Board

National Trading, Main Road, Birgunj
Ph: 051-525653

**Om Advertising**

A Complete art Solution

3D Flex Print 2D

Flex Print, Backlit Print, inyle Print, Reflective Print, Hoarding Board, Glowsing Board, LED Board, Sticker Print, Wall Painting, Shutter Painting, Welcome Gate, Name/No. Plate

Parwanipur, Bara
9802818703, 9846418703

**Admission Open**

BBA (Bachelor of Business Administration)
BBA-TT (Bachelor of Business Administration-Travel & Tourism)
BCA (Bachelor of Computer Aplication)

CITIZEN COLLEGE
POKHARA UNIVERSITY AFFILIATE

Kumaripati, Lalitpur (Opposite to Mahayaan Petrol Pump)
01-5545684, 5545685, 9851000035

### आजको राशिफल

| | |
|---|---|
| मेष – धनलाभ | वृष – सुयश |
| मिथुन – बेचैनी | कर्कट – धनलाभ |
| सिंह – कर्मप्राप्ति | कन्या – प्रगति |
| तुला – वादविवाद | वृश्चिक – यात्रालाभ |
| धनु – शत्रुपराजय | मकर – ज्ञानोदय |
| कुम्भ – उदरपीडा | मीन – विजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# प्रेस चौतारीको बैठक, शनिवार अध्यक्ष घोषणा गरिने

प्रस, वीरगंज, ६ चैत/
प्रेस चौतारी नेपाल, पर्सा कार्यसमितिको बैठक सम्पन्न भएको छ। आवाज एफएममा भएको बैठकमा सहभागीहरूले नेपाल पत्रकार महासङ्घको पत्रकार महासङ्घका पूर्व केन्द्रीय सदस्य महेश दास, पत्रकार महासङ्घ प्रदेशका उपाध्यक्ष केसी लामिछाने, प्रेस काउन्सिलका सदस्य एवं चौतारीका प्रदेश इन्चार्ज लालबाबु शेखले आसन्न पत्रकार भूमिकाको सराहना गर्दै आगामी दिनमा पनि सोहीअनुरूप उम्मेदवारहरूको चयन गर्ने र त्यसका लागि चैत ७ गते शनिवार भेला गरेर अध्यक्षको उम्मेदवार घोषणा गर्ने जानकारी गराए।


तस्वीर: प्रतीक

आसन्न निर्वाचनको सन्दर्भमा आआफ्नो सुझाव व्यक्त गरेका थिए।
चौतारी, पर्सा एवं नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष श्याम बन्जाराको अध्यक्षतामा भएको बैठकमा महासङ्घको निर्वाचनमा चौतारीका उम्मेदवारलाई जिताउन कुनै कसर बाँकी नराख्ने उद्घोष गरे। उनीहरूले पेशागत हकहितका लागि चौतारीका उम्मेदवारले पत्रकार महासङ्घमा निर्वाह गरेको

बैठकमा प्रताप श्रेष्ठले पत्रकार आबद्ध संस्थाहरूसँग सहकार्य गर्ने कामलाई गति दिन सुझाव दिए। उनले वामपन्थी एकता बनाउनको लागि पनि यसअघिका सहकर्मीहरूसँग सल्लाह, सुझाव लिएर उनीहरूलाई समेटेर अगाडि बढ्न आग्रह गरे। बैठकमा आशिक अन्सारी, तिवारी यादवलगायतले सुझाव दिएका थिए। बैठकमा पत्रकार महासङ्घका पूर्वअध्यक्ष शत्रुघ्न नेपाल, वर्तमान उपाध्यक्ष अनुप तिवारी, सचिव युवराज खड्का, गया यादव, विजय कुशवाहालगायतको सहभागिता थियो।

# महिलाहरूको लागि रोजगारमूलक तालीम

प्रस, बिरुवागुठी, ६ चैत/
पर्सागढी नगरपालिका–३ बडनिहारमा


तस्वीर: प्रतीक

फागुन २६ देखि चैत ६ गतेसम्म सञ्चालित महिलाहरूको लागि कुशन तथा गुडिया बनाउने १० दिने तालीम शुक्रवार सम्पन्न भएको छ।

पर्सागढी नगरपालिकाको आर्थिक सहयोग र समाज विकास समन्वय समिति पर्साको आयोजनामा २५ जना महिलाको लागि १० दिने तालीमको समापन कार्यक्रमका प्रमुख अतिथि उपप्रमुख अर्चना चौधरीले गरेकी थिइन्।

प्रमुख अतिथि चौधरीले महिलाहरू आत्मनिर्भर बन्नको लागि सीपमूलक तालीमले सहयोग पुऱ्याउने र सिकेको सीपलाई व्यवहारमा उतार्न आग्रह गरिन्।

समाज विकास समन्वय समिति पर्साका उपाध्यक्ष रविशङ्कर चौधरीको अध्यक्षतामा भएको समापन कार्यक्रममा पर्सागढी नगरपालिका वडा नं ४ का नेका सभापति जङ्गबहादुर चौधरी, पर्सागढी नगरपालिका कार्यालयका सूचना अधिकारी ऋषि दास, सञ्चारकर्मी बलिराम शुक्ल, आमोदेवी युवा स्पोर्ट्स क्लब बडनिहारका अध्यक्ष शम्भुदास थारूलगायतले मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा स्वागत मन्तव्य देवेन्द्र चौधरीले गरेका थिए भने सहजीकरण जयनारायण चौधरीले गरेका थिए। सहभागी महिलाहरूलाई भगवती अधिकारीले प्रशिक्षण दिएकी थिइन्।

# घर जल्दा लाखौंको क्षति

प्रस, जलेश्वर, ६ चैत/
महोत्तरीको सम्सी गाउँपालिका–७ खत्वेटोलमा बिहीवार राति आगलागी हुँदा रामबली खत्वेको घर जलेर नष्ट भएको छ।

आगलागीबाट करीब चार लाख रुपैयाँबराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायब उपरीक्षक प्रकाश विष्टले जानकारी दिए।

लामखुट्टे धपाउन बालेको घुर सल्किएर एक तले घर पूर्णरूपले जलेर नष्ट भएको पीडित घरधनी रामबलीले बताए। उनका अनुसार घरभित्र रहेको अन्नपात, लत्ताकपडा, भाँडाकुँडा, काठपातलगायत नगद र जिन्सीसमेत गरी रु चार लाखबराबरको क्षति भएको छ। गाउँको बीचमा आगलागी भए तापनि समयमै प्रहरी र स्थानीय बासिन्दा जुटेर अन्यत्र आगो फैलन नदिएको खत्वेटोलका बासिन्दाले बताएका छन्।

# महिला सचेतना तालीम सम्पन्न

प्रस, विन्ध्यवासिनी, ६ चैत/
महीनावारी र परिवार नियोजनसम्बन्धी तीन दिने महिला सचेतना तालीम विन्ध्यवासिनी गाउँपालिकाको वडा नं ४ र ५ मा शुक्रवार सम्पन्न भयो। तालीम गापाको सहयोग र मुस्लिम महिला उत्थान मञ्चको आयोजनामा भएको हो।

आयोजक मञ्चकी अध्यक्ष सायदा खातुनको अध्यक्षतामा भएको दुवै स्थानको समापन कार्यक्रममा गापाका प्रमुख प्रशासकीय अधिकृत मुन्ना साह रौनियार प्रमुख अतिथि थिए। कार्यक्रममा लेखा अधिकृत मिथिलेश कुशवाहा, सामाजिक विकास शाखा प्रमुख नरेश चौहान र प्रशिक्षिकन शोभादेवी चौरसियाले तालीमका सहभागीलाई सरसफाइ किट वितरण गरेका थिए।

# स्थानीय तहका लागि क्षमता विकास तालीम सम्पन्न

प्रस, वीरगंज, ६ चैत/
पर्साका स्थानीय तहको लागि क्षमता विकास तालीम कार्यक्रम शुक्रवार वीरगंजमा सम्पन्न भएको छ। स्थानीय तहको शिक्षाका सरोकारवालाहरूका लागि ५ दिने क्षमता विकास कार्यक्रम सम्पन्न भएको हो।

कार्यक्रममा पर्सा जिल्लाका १४ वटै स्थानीय तहका शिक्षा शाखा प्रमुख, योजना शाखा प्रमुख र सामाजिक विकास संयोजकको सहभागिता थियो। कार्यक्रममा आउँदो १० वर्षे नयाँ शिक्षा योजना निर्माण, स्थानीय शिक्षा पार्श्वचित्र निर्माण, एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली, शिक्षक पेशागत विकास सहयोग, राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको न्यूनतम प्याकेज कार्यान्वयनलगायतका विषयहरूमा जानकारी गराइएको थियो।


तस्वीर: सौजन्य

शिक्षा विकास तथा समन्वय एकाइ पर्साको आयोजनामा भएको कार्यक्रमको सहजीकरण प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका क्षेत्रीय प्राविधिक संयोजक भरत सहनी, योगेन्द्र चापागाईं, रामनारायण साह र महेश जोशीले गरेका थिए। सम्पन्न कार्यक्रमबाट स्थानीय तहलाई शिक्षा योजना निर्माणमा महत्त्वपूर्ण सहयोग पुग्ने कार्यक्रममा सहभागी ठोरी गाउँपालिकाका शिक्षा प्रमुख भूपालकुमार जोशीले प्रतीकलाई बताए।

समापन कार्यक्रममा शिक्षा विकास तथा समन्वय एकाइ पर्साका प्रमुख फत्तबहादुर श्रेष्ठ, विन्ध्यवासिनी गाउँपालिकाकी उपाध्यक्ष किरणदेवी गुप्ता, वीरगंज महानगरपालिका शैक्षिक महाशाखाका प्रमुख अरविन्दलाल कर्ण, प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका क्षेत्रीय प्राविधिक संयोजक सहनीले मन्तव्य व्यक्त गरेका थिए।

# ट्रकको ठक्करबाट ट्याक्टर चालकको मृत्यु

प्रस, सप्तरी, ६ चैत/
सप्तरी जिल्लाको कञ्चनरूप नगरपालिका–११ स्थित पूर्व–पश्चिम राजमार्ग सडकखण्डमा ट्रकले ट्याक्टरलाई ठक्कर दिंदा ट्याक्टर चालकको मृत्यु भएको छ। मृत्यु हुने ट्याक्टर चालक बारा जिल्ला दक्षिण झिटकैया–८ का ३५ वर्षीय जलिल मियाँ मन्सुरी हुन्।

जिल्लाका प्रहरी उपरीक्षक राजेन्द्र धमलाका अनुसार शुक्रवार बिहान पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको ना.६ख ३४२५ नम्बरको ट्रकले सोही दिशाबाट जाँदै गरेको ना.६त ६१९९ नम्बरको ट्याक्टरलाई पछाडिबाट ठक्कर दिएको थियो। घाइते ट्याक्टर चालकको गजेन्द्र नारायण सिंह अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो।

ठक्कर दिने ट्रकलाई प्रहरीले नियन्त्रणमा लिएको छ भने चालक फरार रहेकाले खोजतलाश भइरहेको प्रहरीले जनाएको छ।

# ब्युटिसियन तालीम शुरू

प्रस, विन्ध्यवासिनी, ६ चैत/
विन्ध्यवासिनी गाउँपालिकाको वडा नं २ मा ब्युटिसियन तालीम शुक्रवारदेखि शुरू भएको छ। घरेलु तथा साना उद्योग कार्यालय पर्साले आयोजना गरेको तालीम ४५ दिनसम्म चल्ने सो कार्यालयले जनाएको छ।

वडाध्यक्ष सञ्जय चौहानको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा आयोजक कार्यालय पर्साकी प्रमुख रिमा साह, कार्यालयका कार्यक्रम संयोजक अशोक पाण्डे, विपिन उपाध्याय लगायतको सहभागिता थियो।



तस्वीर: प्रतीक

रोजगार अभिवृद्धिको आधार रिफ्रेस ट्रेनिङ अन्तर्गत शुरू भएको तालीमका सहभागीहरूलाई घरेलुका प्रशिक्षिका सरिता घिमिरेले प्रशिक्षण दिइरहेको घरेलु कार्यालयले जनाएको छ।

# सालको काठ बरामद

प्रस, पर्सागढी, ६ चैत/
सबडिभिजन वन कार्यालय, मधुवन मथवल बडनिहारले ३० क्युफिट सालको काठ बरामद गरेको छ।

बिहीवार राति गस्तीको क्रममा सुबेदार रामाशिष कुर्मी नेतृत्वको वनगस्ती टोलीले ५ वटा साइकलसहित ३० क्युफिट सालको काठ पर्सागढी नगरपालिका–२ बाट बरामद गरेको हो। वनगस्ती टोलीलाई देखेर काठ तस्करहरू साइकलमा लोड काठ छाडी फरार रहेको सुबेदार कुर्मीले बताए। बरामद साइकल र काठलाई सबडिभिजन वन कार्यालय मधुवन मथवल बडनिहारमा राखिएको छ।



### जग्गा मुआवजा.....

सिमानाबाट आइसिपीको उत्तर पर्वालसम्मको जग्गाको हकमा श्रीसिया खल्वाटोला वडा नं ४ र ५ मा भएका जग्गाहरूलाई गाउँ, ब्लक पूर्व, खल्वाटोला वडा नं ७ मा भएका जग्गालाई गाउँ, ब्लक पश्चिमको जग्गा मानी मुआवजा वितरण गर्ने शर्त लागू भएपछि स्थानीयहरूले विरोध जनाएका हुन्।

स्थानीयले यस विषयमा पुनः गाउँभेला गरी सहमति जुटे मात्र जग्गा नामसारी गरी मुआवजा लिने र सहमति नभए पुनः रोकिने स्थानीयले जानकारी गराएका छन्।

### कृषि फार्ममा आगलागी....

छ। बाँकी १० वटा गाई घाइते अवस्थामा फेला परेका छन् भने उम्किएर भागेका ३० वटा गाई साँझसम्म फेला नपरेको फार्मका सञ्चालक मनोजकुमार साहले बताए। आगलागीबाट फार्म घरसहित गाईलाई खुवाइने दाना, घाँस, अन्नपातसमेत जलेर नष्ट भएको छ। घटनामा ५० लाख रुपैयाँभन्दा बढीको क्षति भएको फार्म सञ्चालक साहले बताए।

आगो निभाउने क्रममा फार्मका अर्का सञ्चालक दीनानाथ साह घाइते भएका छन्। उनको राजविराजस्थित अस्पतालमा उपचार भइरहेको छ। प्रहरी र स्थानीय बासिन्दाको सहयोगमा आगो नियन्त्रण गरिएको र हराएका गाईको खोजतलाश भइरहेको प्रहरीले जनाएको छ।

# विजयबस्तीमा नेवार समुदायको भेटघाट

प्रस, वीरगंज, ६ चैत/
नेवार समुदायको केन्द्रीय सङ्गठन नेवा देय दबुका पदाधिकारीसँग ठोरी गाउँपालिकाको विजयबस्तीमा रहेका नेवार समुदायले शुक्रवार भेटघाट गरेका छन्। सो अवसरमा सहभागी वक्ताहरूले ठोरी गापामा नेवारी भाषा र संस्कृतिको विकास गर्नुपर्नेमा जोड दिए।

उनीहरूले नेवारी भाषाको सुरुआत गर्न केन्द्रले पनि सहयोग गर्नुपर्ने र आफूहरू पनि सो कार्यमा लाग्नुपर्ने बताए। नेवा देय दबुका केन्द्रीय सङ्गठनले ठोरीमा रहेका नेवार समुदायका अगुवाहरूलाई सङ्गठनले प्रकाशित गरेको पुस्तक, मायाको चिनो, नेवार समुदायको झन्डा हस्तान्तरण


तस्वीर: प्रतीक

गरेका थिए।

कार्यक्रममा सङ्गठनका केन्द्रीय उपाध्यक्ष चन्द्र राजभण्डारीले नेवार समुदायको देशव्यापी अवस्थाको बारेमा जानकारी गराएका थिए। नेवा खलः ठोरीका अध्यक्ष रामबहादुर श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा नेवा देय दबु प्रदेश २ का सचिव दीपेन्द्रगोविन्द वैद्य, भरतपुर महानगरका अध्यक्ष बद्रीमान श्रेष्ठ, नेवा समाज भरतपुर चितवनका हरिकुमार श्रेष्ठ, सदस्य प्रेमकुमार श्रेष्ठ, ठोरी गापाका लालबहादुर श्रेष्ठ, नेवा खलः ठोरीका अमृत श्रेष्ठ, विमल प्रधानलगायतको सहभागिता थियो।

कार्यक्रमको सहजीकरण रेडियो विजयबस्तीका अध्यक्ष सन्तोष श्रेष्ठले गरेका थिए।

